Jana Aakash
National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष- १६, अंक- २३, २०८० साल माघ २ गते मंगलबार (Jan 16, 2024) www.janaakash.com.np

जन आकाश मिडिया प्रा.लि. बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइ हरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेनसी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।
जन आकास युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नाम हरु जोडेर जन आकाशको बाषिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्था हरुले सम्पर्क राख्न अनुरोध गरीन्छ ।
सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६
Email : janaakash.com.np@gmail.com

# किन पक्राउ परे रामबहादुर बम्जन ?



**काठमाडौं–** अनुयायी बेपत्ता पारेको अभियोग लागेका रामबहादुर बम्जनलाई प्रहरीले जिल्ला अदालत, सर्लाहीमा उपस्थित गराएको छ ।

जिल्ला प्रहरी कार्यालय, सर्लाहीका एसपी प्रविण धितालका अनुसार, केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईब) को टोलीले उनलाई बुधबार राति नै सर्लाही ल्याएको थियो । अदालत खुल्ने वित्तिकै उनलाई हाजिर गराइएको प्रहरीले जनाएको छ । अदालतमा उनविरुद्ध थुनछेक बहस हुनेछ ।

ब्यूरोले मंगलबार साँझ बम्जनलाई बूढानीलकण्ठको हात्तीगौंडाबाट पक्राउ गरेको थियो । धर्मको आडमा अनुयायीमाथि ज्यादती कसरी र किन पक्राउ परे रामबहादुर बम्जन ललितपुरमा पत्रकार सम्मेलन गरेर पहिलो पटक ३० भदौ २०७५ मा रौतहटकी एक किशोरीले आफूमाथि बम्जनले बलात्कार गरेको दाबी सार्वजनिक गरेकी थिइन् । सुरुमा उनले दबाबका कारण जाहेरी दिन सकेकी थिइनन् ।

केही महिनापछि यो प्रकरण चर्चामा आइरहेका बेला पीडित भनिएकी किशोरीले जिल्ला प्रहरी कार्यालय, सर्लाहीमा उजुरी दिएकी थिइन् । त्यही आधारमा २०७६ सालमा पक्राउ पुर्जी लिएर प्रहरीले उनको खोजी थालेको थियो । पीडित युवती बम्जनको सिन्धुपाल्चोकस्थित आश्रममा आनीका रुपमा बसेकी थिइन् । त्यहीं २० साउन २०७३ मा आफूलाई बम्जनले बलात्कारको प्रयास गरेको उनले बताएकी

» बाकी ६ पृष्ठमा

# काठमाडौंमा माघे संक्रान्ति धुमधामसँग मनाए

**काठमाडौं–** २०८० सालको विशेष गरेर मगर समूदाको माघे संक्रान्ति धुमधामसँग मनाएकाछन् ।काठमामडौको टुडिखेलमा एक भव्य कार्यक्रम नै गरी मगर समुदायका भेषभुषामा सजिएर हजारौको संख्यामा उपस्थित भई माघि पर्व मनाएका हुन् । त्यस टुडिखेलमा आयोजित कार्यक्रममा मगर समुदायका उच्च पदस्थ देखि सवै मगर, थारु समुदायको उपस्थिति रहेको थियो ।उक्त कार्यक्रम हेर्न र भरपुर मनोरञ्जन लिन अन्य समुदायका मानिसहरुको घुइचो लागेको थियो ।

पाहाडमा मगर समूदाय र तराईमा थारु समुदायले मनाउने माघी पर्वलाई अर्थात मंकर संक्रान्तिलाई मगर र थारुहरुले नयाँ बर्षको रुपमा मनाउने गरेका छन् यसै पर्वलाई नेपाली समुदाय सवैले सदभावको रुपमा सहभागी हुदै सवै नेपालीहरुले उत्तिककै महत्व दिएर मनाउने गरेकाछन् । के मगर के थारु के क्षेत्री के बाहुन सवै समुदायले उत्तिक्कै माघे संक्रान्तिलाई मनाईरहेका छन् ।

विगत बर्षहरु जस्तै यस बर्षको मंकर संक्रान्ति अर्थात माघि पर्व देश विदेशमा रहेका नेपालीहरुले पनि धुमधामसँग मनाएको सामाजिक सञ्जालमा देखिएको छ ।

नेपाली सस्कृति तथा मौलिकता नेपालीहरुले जहा गएपनि भुलेका छैनन् भन्ने उदारण पनि दिएकाछन् । नेपाल देशमा मनाइने पर्वहरु मध्य मंकर संक्रान्ति पनि एक महत्वपूर्ण चाड हो । यस दिनलाई सरकारले समेत महत्वको रुपमा लिदै सार्वजनिक विदा दिदै आएको छ । यस



बर्ष पनि सार्वजनिक विदा दिएको थियो । जसले मानिसहरुले आनन्दसँग माघे संक्रान्ति मनाउन पाएका हुन् ।

यस माघि पर्वमा घिउ, चाकु, तरुल,कन्दमूल, फलफूल खाने चलन रहि आएको छ । जसमा अनिवार्य तिलको लड्डु, शखर लगायत मिठ्ठो मसिनो आफन्त, नाता, गोता सवै जना जम्मा भई सदभाव साटसाट र हासी खुशी मनाउने गरिदै आएको छ ।

मगर समुदायहरुले यस माघि पर्वमा सुगुर काटेर भोज लगाउने चलन रहि आएको छ । तर पछिल्लो पुस्ता अन्तर जातिय विवाह बन्धनहरु भएका कारण कतिपय ठाउमा सुगुर विधिको लागि मात्र सुगुर काटेर पाउन पातहरुलाई चै खशि नै काट्ने र सत्कार गर्ने गरेको प्रचलन बढ्दै गएको देखिन्छ ।

२०८० सालको माघे संक्रान्ति भव्य र सभ्य रुपमा सम्पन्न भएको छ । यस अवसरमा सवै नेपाली समुदायहरुलाई सु स्वास्थ, दिर्घायु तथा उत्तर उत्तर प्रगति उन्नतिको होस भन्ने सन्देश सहित जन आकाश मिडियाको पनि शुभकामना ।

# भरतपुर महानगर प्रमुख दाहालद्धारा पूर्व-पश्चिम रेलमार्गको भरतपुर रूटबारे २ विकल्प प्रस्तुत

**चितवन–** भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले भरतपुरको वडा नम्बर ८, ७, ४ र १६ बाट जाने भनिएको पूर्व-पश्चिम रेलमार्गको प्रस्तावित मार्गको विकल्पमा जानुपर्ने बताएका छन् ।

भरतपुर महानगरपालिकामा शनिबार नेपाल सरकारका भौतिक योजना तथा यातायातमन्त्री प्रकाश ज्वालसहित सरोकारवालासँगको छलफलमा प्रमुख दाहालले वडा नम्बर ११




# कैलालीमा कुटपिटबाट एक जनाको मृत्यु



धनगढी- कैलालीमा कुटपिटबाट घाइते एक युवकको मृत्यु भएपछि घटना हुँदा उनीसँगै रहेका ६ जना पक्राउ परेका छन् ।

गोदाबरी नगरपालिका-१ अत्तरियास्थित न्यू सत्कार दोहोरी साँझमा मदिरा सेवनका क्रममा कुटपिटमा परेका कृष्णपुर नगरपालिका-५ का ४२ वर्षीय श्याम देउवाको मृत्यु भएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक(डीएसपी) कुलदीप चन्दका अनुसार २५ पुसको साँझ साथीसँगै दोहोरी साँझ गएका देउवा भोलिपल्ट गोदाबरीको चौकीडाँडामा भेटिएका थिए ।

उनीसँगै दोहोरी साँझमा गएका कृष्णपुर नगरपालिका-४ का २८ वर्षीय टेकबहादुर नायकले घर पुर्‍याइदिएपछि घाइते देउवालाई उनको परिवारले उपचारका लागि धनगढीको निसर्ग अस्पताल लगेका थिए । देउवाको उपचारकै मृत्यु भएपछि उनको शव परीक्षणका लागि सेती प्रादेशिक अस्पतालमा राखिएको छ ।

विवादका क्रममा देउवामाथि कुटपिट गरेको आरोपमा प्रहरीले उनीसँगै दोहोरी साँझ गएका ६ जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा गोदावरी नगरपालिका-१ का २७ वर्षीय विनोद शाह, गोदावरी-६ का २४ वर्षका प्रकाश ओली, वडा नम्बर १ का २५ वर्षीय उमेश बडेला, २८ वर्षीय यज्ञ बिक, कृष्णपुर नगरपालिका -९ का ३८ वर्षीय रामबहादुर ऐर र उनीसँगै गएका टेकबहादुर नायक रहेका डीएसपी चन्दले बताए ।



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- २३, २०८० साल माघ २ गते मंगलबार (Jan 16, 2024)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय - - - - -

### धार्मिक सदभावमा समस्या आउने काम कसैले नगरौं ।

हिजो मात्र माघे संक्रान्ति अर्थात मंकर संक्रान्ति पर्व सवै नेपालीहरुले गच्छे अनुसार मनाएकाछन् । यसै पर्वको छेउछाउमा कतिपय बुजुकहरुले यो त हाम्रो पर्व होइन मगरको थारुको कुनै कुनैले किर ातहरुको भनेर बजारमा हल्ला अर्थात कुरा गरे को सुनियो । यस्तो कुरा गर्नुपनि एउटा नेपालीले अर्को नेपाली समुदाय माथि अविश्वास र सिगो धार्मिक संहिष्णुतामा खलल पुऱ्याउनु हो ।

यस्ता कुरा गर्नेहरु अरु कोही नभएर पढे ले खेका भनिएका मानिसहरु नै देखिन्छन् । यस्ता खालका मानिसहरु जहिले पनि सोजा साजा ने पालीहरुलाई उक्साएर कहिले जातको नाममा भिडाउने, कहिले धर्मको नाममा झगडा गर ाउने गर्ने गरेकाछन् । यसरी यस्ता बुजुकहरुको उक्साहटमा लागेर कयौं नेपालीहरुले अनाहकका विगतमा दुख: पनि पाएकाछन् ।

त्यसैले कोही कसैले नेपालको सनातन धर्म यो हाम्रो त्यो तिमरुको भन्ने कतै लेखिएको छैन । सवै धार्मिक सस्कारहरु नेपाली समुदायले जहा जसरी मान्छन् । सवै जातजाती मिलेर मान्दै आएकाछन् । यो नेपालीहरुको सस्कृति परम्परा सवै नेपालीहरुको हो । नेपाली नागरिकहरुले कहिल्यै पनि यस्ता धर्मका नाममा कतै विवाद गरेको र यस्ता अमऱ्यादीत कुरारु गरेको विगतमा सुनिएको थिएन ।

तर यस बर्षको माघि पर्वका छेउछाउमा यस्ता कुराहरु गरेको सुनियो भने कतिपय महत्वपूर्ण पदीय हैसियतमा बसेका मानिसहरुले समेत जाती विशेषलाई बढी प्रथामिकता दिएर भाषण गर्ने गरे को पनि देखियो ।

यस्ता गतिविधिहरुले नेपाली समाजलाई विभक्त गर्न तिर अग्रसर गराई राखेको होकि ? भन्ने आम सर्व साधरणमा परेको छ । यस्ता कामहरु केही क्षणिक स्वार्थमा लागेर केही त्यस्ता गलत तत्वहरुले आदीम कालदेखि मिलेर बसेका नेपाली धार्मिक, जातिय समुदायहरुलाई बिगार्न खोजेका हुन सक्छन् । त्यस कारण सर्व साधारण नागरिकहरुले चनाखो भएर हामीलाई गलत तत्वहरुले उक्साएर उक्सिनु हुदैन । भोली गाउँ घरमा मिलेर बसेको समुदाय गाउँ घरमा चाहिन्छ शहरमा मिलेर बसे को समुदाय शहरमा चाहिन्छ । आपत विपत पर्दा मानवीय ह्रदयवाट सहयोग गर्ने नेपालीको वानी नै हुन्छ । यस्तो मानवीय, मानवतामा गासिएर बहु धार्मिक, बहु सस्कृतिक सस्कारमा बाचेका हामी ने पालीहरुलाई कसैले तोड्न खोज्दैछ । झगडा गर ाउन खोज्दैछ यस्ता त्यस्ता गलत तत्वहरुको पछि नलागिकन नेपालीहरुको धार्मिक सहिष्णुता कायम राख्नु सवै नेपालीहरुको कर्तव्य हो ।

कसैले नजानेर जातको, धर्मको बिषयमा विवाद गर्ने एकले अर्को धर्म जात भाषाको बिरोध गर्ने गर ाउने कार्य गर्नु हुदैन । त्यस्तो कसैले जानी जानी गर्छ भने कडा दण्ड सजाय गर्न सम्बन्धित निकाय पछि हट्नु हुदैन ।

# बिगो रकम असुलसम्बन्धी कानुनी व्यवस्था



हेमन्त टण्डन क्षेत्री

विश्वव्यापीकरण युगको सुरुवातसँगै अपराधका नयाँ-नयाँ शैली तथा प्रविधि प्रयोग गरी विभिन्न आपराधिक क्रियाकपलाप भइरहेको विषय हामीले दिनप्रतिदिन सुनिरहेका छौं ।

अपराधिक क्रियाकपलाप हुनमा कानुनी शासनको कमी, राजनीतिक संरक्षण, अस्वस्थ व्यावसायिक प्रतिष्पर्धा, आधुनिक जीवनशैली, आर्थिक अनुशासनमा कमी, अल्पकालीन सोच, नैतिक पक्षलाई भन्दा आर्थिक पक्षलाई समाजले महत्त्व दिनु, मिहिनेत नगरी जसरी पनि आर्थिक रूपमा सम्पन्न बन्न होडबाजी चल्नु, सामाजिक तथा पारिवारिक दायित्व वहन नगर्नु आदि पर्दछन् ।

यी कारणहरूले गर्दा व्यक्तिले मनशायपूर्वक वा परिस्थितिवश राज्यको कानुन उल्लंघन गरी अदालतको फैसलाबमोजिम जेलको सजाय भोग्नुपर्ने स्थिति आउन सक्छ ।

उल्लिखित कारणले गर्दा समाजमा विभिन्न प्रकारका आर्थिक अपराधसम्बन्धी कसुर, ठगीसम्बन्धी कसुर, चोरी तथा डकैतीसम्बन्धी कसुर, किर्तेसम्बन्धी कसुर, लेनदेनसम्बन्धी कसुर तथा अन्य सरकारवादी तथा व्यक्तिवादी कसुरहरू क्रमश: बढ्दै गइरहेका छन् ।

यसरी विभिन्न अपराधमा सजाय पाएका व्यक्तिहरूलाई अदालतबाट फैसला भई आदेशअनुसार कैद, जरिमाना, बिगो रकम, क्षतिपूर्ति रकम तथा अन्य रकम भराउने फैसला गरेको हामीले सुन्दै आइरहेका छौं।

अदालतबाट गरेको फैसला कार्यान्वयन गराउने क्रममा सजाय पाएको व्यक्तिसँग अदालतमा बुझाउने रकम नभएमा, अन्य थप सम्पत्ति नभएमा वा भएको सम्पत्ति लिलाम गरी असुलउपर गर्दा पनि बिगो रकम असुलउपर नभएमा वा बुझाउने आर्थिक हैसियत नभएमा अदालतबाट दोषी प्रमाणित भई सजाय सुनुवाई भएको व्यक्तिलाई कैद गरी जरिबाना, बिगो रकम, क्षतिपूर्ति र अन्य रकम असुलउपर गर्न सकिने नेपालको मौजुदा मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ तथा मुलुकी देवानी कार्यविधि संहिता ऐन २०७४ मा उल्लेख गरिएको छ।

यसरी अदालतबाट सजाय निर्धारण भई रकम बुझाउन नसक्ने व्यक्तिहरूको लागि जरिबाना, बिगो रकम, क्षतिपूर्ति र अन्य रकम असुलउपर हुन नसक्ने देखिएमा थप कैद गरी सजाय मिलान गर्ने सन्दर्भमा फौजदारी प्रकृतिको मुद्दा र देवानी प्रकृतिको मुद्दामा फरक-फरक कानुनी व्यवस्था रहेको छ ।

**देवानी मुद्दामा भएको कानुनी व्यवस्था**

देवानी मुद्दा भन्नाले कानुनबमोजिम फौजदारी मुद्दाको रूपमा परिभाषित गरिएवाहेकका कानुनी हक, दायित्व, हैसियत, पद, पारिवारिक सम्बन्ध, सम्पत्ति, नाता कायम वा सम्बन्धविच्छेद, दस्तुर, पारिश्रमिक, तलब भत्ता, ज्याला, अंश, अपुताली दान बकस, संरक्षक, माथवर, मातृक तथा पैत्रिक अख्तियारी, धर्मपुत्र वा धर्मपुत्री, करार, अर्ध करार, अनुचित समृद्धि, दुष्कृत, त्रुटिपूर्ण उत्पादन, सुविधाभार, क्षतिपूर्ति, धर्मपुत्र, धर्मपुत्री र अन्य व्यक्तिगत लेनदेनसँग सम्बन्धित कसुर गरेको मुद्दालाई जनाउँछ।

देवानी मुद्दामा कानुनी उपचार पाउनेको सम्बन्धित जिल्ला अदालत वा अधिकार क्षेत्र तोकेको अन्य अदालतमा फिराद पत्र दायर गर्नुपर्दछ । देवानी प्रकृतिको मुद्दामा मुलुकी देवानी कार्यविधि संहिता ऐन २०७४ को दफा २४४ अनुसार बिगोवापत प्रतिदिनको ४ सय रुपियाँका दरले उक्त व्यक्तिलाई कैद गर्नुपर्ने व्यवस्था रहेको छ भने जरिबानावापत प्रतिदिन २ सय रुपियाँका दरले कैद ठेक्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

यसरी कैद गर्दा नेपाल सरकार, नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व रहेको वा नियन्त्रण भएको संस्थाको बिगोको हकमा ४ वर्ष र व्यक्ति विशेष वा अन्य संस्थाको बिगोको हकमा २ वर्षभन्दा बढी कैद गर्न सकिने छैन।

अदालतको फैसलाबमोजिम जरिबाना लागेको व्यक्तिले तत्काल फैसला भएको मितिले ६० दिनभित्र जरिबाना तिरेमा जरिबानामा २० प्रतिशत छुट दिने व्यवस्था रहेको छ । यसरी कैद गर्दा कानुनबमोजिम लाग्ने सीधा खर्च कैद गराउन चाहने व्यक्तिले व्यहोर्नुपर्ने व्यवस्था छ।

बिगो असुलउपर गर्नुपर्ने व्यक्तिको बिगो असुलउपर नहुँदै मृत्यु भएमा निजको हकको सम्पत्तिबाट असुलउपर गरिने छ। निजको हकको सम्पत्तिबाट बिगो असुलउपर नभएमा नपुग बिगो निजको अपुताली लिने व्यक्तिबाट असुलउपर गरिने छ। तर, अपुताली लिने व्यक्तिबाट बिगो असुलउपर गर्दा निजले अपुताली लिएभन्दा बढी रकम असुलउपर गर्न नमिल्ने कानुनी व्यवस्था छ।

फौजदारी मुद्दामा भएको कानुनी व्यवस्था

फौजदारी मुद्दा भन्नाले कानुनबमोजिम देवानी मुद्दाको रूपमा परिभाषित गरिएबाहेकका मुद्दाहरू चोरीसम्बन्धी कसुर, डाँकासम्बन्धी कसुर, ठगीसम्बन्धी कसुर, किर्तेसम्बन्धी कसुर, कुटपिटसम्बन्धी कसुर, अभद्र व्यवहारसम्बन्धी कसुर, अपराधिक षडयन्त्र, कसुर गर्न उद्योग गर्ने, दुरुत्साहन गर्ने, मतियार, गैर कानुनी भेला, हुलदंगासम्बन्धी कसुर, सार्वजनिक शान्ति खलल पार्ने, राष्ट्र सेवकलाई बाधा विरोध गर्न नहुने, सार्वजनिक स्थानमा आवागमनमा बाधा पार्न नहुने, सार्वजनिक सेवा अवरुद्ध गर्न नहुने, झुठा अपवाह फैलाउन नहुने, आवश्यक वस्तु तोडफोड गर्न तथा हानि नोक्सानी गर्न नहुने, खाद्य पदार्थमा मिसावट गर्न नहुने, गाली बेइज्जतीसम्बन्धी कसुर, लुटपिट, करणीसम्बन्धी कसुर, जालसाजीसम्बन्धी कसुर, नापतौलसम्बन्धी कसुरलगायत मुलुकी फौजदारी कार्यविधि संहिता ऐन २०७४ को अनुसूची १,२,३ वा ४ मा उल्लेख भएका सम्पूर्ण मुद्दाहरू पर्दछन् ।

फौजदारी मुद्दामा कानुनी उपचार पाउनको लागि सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिई सरकारी वकिलको कार्यालयमार्फत अभियोग पत्र दायर गर्नुपर्ने हुन्छ ।

अदालतको फैसलाबमोजिम कुनै व्यक्तिले तिर्नुपर्ने ठहर गरेको निजी बिगो, पीडित वा निजको हकवालाले पाउने क्षतिपूर्ति वा अन्य रकम फैसलाबमोजिम तिर्नुपर्ने व्यक्तिलाई फैसला भएको ६ महिनाभित्र बुझाउनुपर्ने हुन्छ ।

फौजदारी मुद्दामा सजाय पाएको व्यक्तिले यदि बिगो रकम, बाँकी बिगो रकम, क्षतिपूर्ति वा जरिबाना रकम बुझाउन नसकेमा मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ को दफा १६५(८) अनुसार एक दिनको ३ सय रुपियाँका दरले कैद गर्नुपर्ने कानुनी व्यवस्था छ।

फौजदारी मुद्दामा बिगो भराउँदा सबैभन्दा पहिला जरिबाना रकम, सरकारी बिगो, क्षतिपूर्ति, बिगो रकम र त्यसपछि मात्र अन्य कुनै रकम भए त्यस्तो रकम असुलउपर गर्नुपर्ने व्यवस्था छ।

सरकारी बिगो असुलउपर भएपछि मात्र जाहेर वालाको बिगो रकम असुलउपर हुने व्यवस्था रहेको छ । यसरी कैद गर्दा कानुनबमोजिम लाग्ने सीधा खर्च नेपाल सरकारले व्यहोर्नुपर्ने व्यवस्था रहेको छ।

अन्तमा, नेपालको मौजुदा कानुनमा फिरादीको दाबीअनुसार वा अभियोजन पक्षको दाबीअनुसार अदालतबाट अन्तिम फैसलाअनुसार सजाय निर्धारण भई प्रतिवादीलाई कैद, जरिबाना, सरकारी बिगो रकम, बिगो रकम, क्षतिपूर्ति भराउने फैसला भएको अवस्थामा प्रतिवादीले बिगो रकम, क्षतिपूर्ति, जरिबाना वा अन्य दै-दस्तुर बुझाउन नसक्ने अवस्था भएमा निज प्रतिवादीलाई सोवापत कैदमा ठेक्न सकिने व्यवस्था रहेको छ ।

(लेखक अधिवक्ता हुनुहुन्छ)

# मेरो जिवन रहेसम्म संगीत गुनगुनाउन छोड्ने छैन: नव प्रतिभा, सिंह



सुमधुर स्वरको धनी नव प्रतिभा गुञ्जन सिंह आफ्नो प्रतिभा बोकेर जन आकाशमा आईपुगेकी छन् ।

नेपाली साङ्गीतिक क्षेत्रमा पछिल्लो समय प्रतिभा हुनेका लागि भन्दा पैसा हुनेका लागि स्थान दिने प्रचलन बढ्दै गएको छ । त्यसको असरले पछिलो समय गीत सङ्गीत क्षेत्रमा मौलिकता झल्काउने गीतहरू लोप हुँदै गएका छन् । पैसाका आडमा निस्कने मौलिकता नभएकाले स्थान पाउँदा विकृति जनक गीतहरू बजारमा फैलिँदै छन् ।

साङ्गीतिक क्षेत्रमा भविष्य बनाउने धेरैको रहर हुन्छ । "कोहीसँग प्रतिभा हुन्छ पैसा हुँदैन" "कोहीसँग पैसा हुन्छ प्रतिभा हुँदैन" हरेक मानिसलाई जीवनमा एउटा न एउटा अभावले पिरली रहेको हुन्छ । नेपालमा राजनीतिक क्षेत्रमा आएको विकृति जस्तै गीत सङ्गीत क्षेत्रमा पनि आफ्नो मान्छे छानेर स्थान दिने गरिन्छ । तर त्योभन्दा भिन्न अवस्थाबाट नेपाली साङ्गीतिक क्षेत्रमा लोक संस्कृतिलाई माया गर्ने एक अदभूत क्षमता भएकी कुन्ती मुत्तान जस्तै गायिका भएर देशलाई चिनाउने सोच बोकेकी नव प्रतिभा गुञ्जन सिंह आफ्नो प्रतिभा बोकेर जन आकाश मिडियामा आएकीछिन् ।

गीत सङ्गीतमा भविष्य बनाउँछु भनेर निरन्तर रूपमा लागी परेकी गुञ्जन सिंह पडाइसँगै गीत सङ्गीतलाई अगाडी बढाउँदै छिन् । कुन्ती मुत्तान र :श्रेया घोसालको आवाजबाट गीत सङ्गीतमा इन्स्पायर भएकी गुञ्जन गीत सङ्गीतमा लाग्न "घर परिवारबाट एकदमै साथ सपोट पाएको घरको सबै भन्दा धेरै सपोट ठुलो दाइले दिने गरको उनको भनाई छ । म्युजिक क्लास गइन भनि क्लास छुटाउनु हुँदैन भनेर गाली गर्ने घरको ठुलो दाइले गीत सङ्गीतमा लाग्न धेरै सपोट गरेको बताउँछिन् ।"

हेर्दा झवाट मोडल जस्तै उनको बोल्ने शैली सुन्दरता अनि सुमधुर स्वरले जो केहिलाई मोहनी लगाउने गर्छ । गायकीमा अधभुत क्षमता र सुन्दरताले भरिपूर्ण भएकी गुञ्जन आज सम्मा कसैको प्रेममा नपरेको प्रेम प्रस्ताव धेरैले गर्ने गरेका छन् । तर आफूले न स्वीकारेको गीत सङ्गीतमा राम्रो भविष्य बनाएर मात्र प्रेम बन्धनमा बाँधिने अहिले तत्काल लभ चकरमा नपर्ने बताउछिन् ।

साथीभाइ घरपरिवारबाट गीत सङ्गीत क्षेत्रमा लाग्न धेरै साथ सहयोग पाएकी गुञ्जन आफ्नो आवाजबाट गीत रेकर्ड गर्न चाहन्छिन् । तर गीत रेकर्ड गर्नको लागि डाइरेक्टर, सर्जकसँग सल्लाह गर्दा कम्तीमा पचास हजार लगानी गर्नुपर्ने तेती लगानी गर्न परिवारको आर्थिक स्थिति नभएको तर आफु गीत गाएर गुञ्जन नामले दर्शकलाई चिनाउने रहर भएको बताउँछिन् ।

नेपाली मौलिकता झल्काउने लोक गीतहरू धेरै मन पराउने गुञ्जन सिंह आफ्नो आवाज चाही आधुनिक पप गीतमा म्याच गर्ने बताउँछिन् ।

गुञ्जन भावुक हुँदै भन्छिन् गीत सङ्गीत भनेको मेरो आधा जीवन जस्तै हो । खुसी हुँदा दुखी हुँदा म सधैभरी गीत सुन्ने र गुनगुनाउने गर्छु । मेरो एक मुठी सास रहुन्जेलसम्म गीत गाई रहन्छु मलाई गाउन कुनै टाइमको आवश्यक पर्दैन । म जुनसुकै समयमा पनि गीत गुनगुनाउने गर्छु । थाहा छैन गीत सङ्गीतबाट काहा सम्म पुग्छु । जहाँ सम्म पुगे नि । गीत सङ्गीतमा मिहिनेत गर्न कहिल्यै छोड्ने छैन । सुमधुर स्वरमा गीत गाउदै गुञ्जन सिंह जन आकाश मिडियासँग बत्ताउँछिन् ।

# नेपाल इन्जिनियरिङ कलेजबाट चार विषयमा इन्जिनियरिङ गरेका विद्यार्थीहरूको विदाई



काठमाडौं- नेपाल इन्जिनियरिङ कलेजबाट इन्जिनियरिङका चार वटा विषयमा स्नातक पुरा गरेका विद्यार्थीहरुलाई विदाई गरिएको छ । शनिबार कलेजले एक कार्यक्रमका विच कम्प्युटर इन्जिनियरिङ, आर्किटेक्ट, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स, इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशनका विद्यार्थीहरुको विदाई गरेको हो ।

विदाई कार्यक्रमका प्रमुख अतिथी नेपाल इन्जिनियरिङ काउन्सिलका अध्यक्ष प्रा.डा. पदमबहादुर शाहीले व्यवसायीक क्षेत्रमा प्रवेश गर्न तयार नवइन्जिनियरहरुलाई पेशागत मर्यादामा रहेर काम गर्न सुझाब दिए । नेपालमा दक्ष इन्जिनियरहरुको खाँचो रहेको औंल्याउँदै अध्यक्ष शाहीले इथिक्समा बसेर काम गर्दा सफलता प्राप्त हुने बताए ।

'तपाईहरुले जसरी कलेजमा माया पाउनु भएको थियो, ब्यवसायिक जीवनमा त्यो वातावरण पाउन पनि सक्नुहुन्छ नसक्नु पनि हुन्छ । इन्जिनियरिङ पेशामा अपडेट भएर इथिक्समा रहेर काम गर्नु होला ।' ब्यवसायिक जीवनमा प्रवेश गरेपछि प्रत्येक दिन परीक्षा दिइरहनु पर्ने भन्दै अध्यक्ष शाहीले इन्जिनियरिङमा अनुभव र सीप नै महत्वपूर्ण भएकोले अरुभन्दा अब्बल हुन अनुशासित, मेहनती बन्न जरुरी रहेको उल्लेख गरे ।

पोखरा विश्वविद्यालयका विज्ञान तथा प्रविधि संकायका डीन प्रा.डा. राजेश ठकुराठीले उच्च शिक्षा पुरा गरेका विद्यार्थीहरुले प्राप्त गर्ने सफलता नै पोखरा विश्वविद्यालय र नेपाल इन्जिनियरिङ कलेजको ब्राण्ड एम्बेष्डर रहेको उल्लेख गर्दै विश्वविद्यालय र कलेजको नाम रहने गरी काम गर्न सुझाए । 'तपाईहरु पोखरा विश्वविद्यालयको एम्बेष्डर हो, तपाईहरु नेपाल इन्जिनियरिङ कलेजको एम्बेष्डर हो । तपाईहरुले जे गति गतिविधि गर्नुहुन्छ त्यसमा विश्वविद्यालय र कलेजको भविष्य गाँसिएको हुन्छ । तपाईहरुले कलेजको, विश्वविद्यालयको र अभिभावकको नाम उँचो राखेर काम गर्नुहोला ।' ब्यवसायिक क्षेत्रमा लागेपछि समय ब्यवस्थापन र मर्यादा कायम गर्नु अपरिहार्य रहेको भन्दै उनले भने ।

कलेजका कार्यवाहक प्राचार्य दुर्गा प्रसाद भण्डारीले कलेजमा ४-५ वर्ष अध्ययन गरेर हासिल गरेको ज्ञान र सीपलाई ब्यवसायिक जीवनमा प्रयोग गर्न सुझाउँदै विद्यार्थीले हासिल गर्ने सफलता नै कलेज र फ्याकल्टीहरुको सफलता रहेको बताए । ब्यवसायिक क्षेत्रमा सफलता पाउन समय र अनुशासन महत्वपूर्ण पाटो रहेको औंल्याउँदै कार्यवाहक प्राचार्य भण्डारीले ब्यवसायिक मर्यादा कायम गरी काम गर्न सुझाब दिए । 'करियर सुरु गर्न निकै गाह्रो छ तर, हामीले तपाईहरुले राम्रो करियर बनाउनु हुन्छ भन्नेमा हामी विस्वस्त छौं ।' कलेजको पढाई पुरा गरेर गएपनि कलेजसँग सदैव जोडिन आग्रह गर्दै उनले भने ।

कलेजका आर्किटेक्ट डिपार्टमेन्टका प्रमुख अनिल कुमार रेग्मीले ब्यवसायिक जीवनमा एकैपटक सफलता प्राप्त गर्न नसकिने भन्दै अफ्ट्याक आएपनि आफुले पढाएका शिक्षक फ्याकल्टीहरुलाई सम्झेर अगाडी बढ्न सल्लाह दिए । 'काम गर्ने सिलसिलामा ब्यवसायिक मर्यादा कहिल्लै नविर्सनु, आफुभित्र रहेको क्षमता र दक्षतालाई समातेर अगाडी बढ्नु ।' इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ डिपार्टमेन्टका प्रमुख यमकृष्ण पौडेलले चार वर्षको दौरानमा हासिल गरेका ज्ञान, सीपलाई ब्यवसायिक क्षेत्रमा प्रयोग गर्दै कलेजको नाम उच्च राख्न सल्लाह दिए । साथै, उनले विद्यार्थीहरुलाई कलेजको अल्मुनाईमा जोडिन पनि आग्रह गरे ।

यस्तै, इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन डिपार्टमेन्टका प्रमुख अमित साहले विश्वका सबै मानिसले आफ्नो सफलता नै चाहिरहने भएपनि शिक्षकहरुले मात्र विद्यार्थीले हासिल गरेको सफलतालाई आफ्नो सफलता ठान्ने गरेको बताए । पढाएका विद्यार्थीले जीवनमा प्राप्त गरेका सफलता देखेर नै शिक्षकहरु आफु सफल भएको ठान्ने बताउँदै उनले विद्यार्थीलाई ब्यवसायिक सफलताको शुभकामना दिए । कार्यक्रममा स्वागत मन्तव्य राख्दै कलेजका कम्प्युटर साइन्स डिपार्टमेन्टमा असिस्टेन्ट प्रोफेसर जितबहादुर बोहराले कलेजबाट ग्राजुएट भएका विद्यार्थीहरुको सफलतामा कलेजले गर्व गर्ने बताए ।

विदाई कार्यक्रममा विद्यार्थीहरुले अध्ययनका क्रममा विताएका पलहरुको सम्झना गर्दै नेपाल इन्जिनियरिङ कलेजका फुलटाइम शिक्षक, मित्रवत व्यवहार गर्ने कर्मचारी, कलेजको ल्याब, पुस्तकालय, रिसर्चका माध्यमहरुका कारण आफुहरु इन्जिनियर बन्न सफल भएको बताए । उनीहरुले कलेजमा हासिल गरेको ज्ञान, सीपलाई व्यवहारमै उतार्ने प्रतिबद्धता जनाउँदै स्वदेशमै रहेर देशको सेवा गर्ने भने ।

# रामेछाप डायरी

## गोकुलगंगा गाउँपालिकाको १४ औ हिउदे अधिवेशन सम्पन्न




**रामेछाप-** रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिकाले १४ औं हिउँदे अधिवेशन सम्पन्न भएको छ । यही मितिः २०८० साल पौष २५ गते गाउँ कार्यपालिकाको कार्यलयमा कार्यपालिका, सम्बन्धित निकायहरूको उपस्थितिमा सञ्चार माध्यमहरुवाट प्रत्यक्ष प्रशारण गरी कार्यक्रम सम्पन्न गरिएको हो ।

अधिवेशन पालिकाका अध्यक्ष काजी बहादुर खड्काको अध्यक्षतामा भएको हो । अधिवेशनमा कार्यपालिका बैठकले गरेका निर्णयहरू सुनाइएको थियो ।

अधिवेशनमा पालिकाले विगतमा पारित गरेका नीति तथा कार्यक्रमहरूलाई कार्यान्वयन गर्न गरेका प्रयास अनुगमन, गरेका प्रगति लगायतका विषयमा केन्द्रित थियो ।

अध्यक्षले २०८०/२०८१ को संक्षिप्त प्रतिवेदन प्रस्तुत गरेका थिए ।

त्यसैगरी उपाध्यक्ष उषा कार्की बस्नेतले २०८०/ २०८१ को संशोधित बजेट वक्तव्य पढेर सुनाएकी थिइन ।

कार्यक्रममा गाउपालिकाका प्रमुख प्रशासकीय अधिकृत उमेस कुमार यादवले कार्यक्रमको गरिमा बढाएका थिए ।

यही हिउँदे अधिवेशनमा गोकुलगंगा गाउँपालिका वन व्यवस्थापन गर्न बनेको बिद्यकको प्रस्ताव पालिकाका प्रवक्ता चन्द्र बहादुर सुनुवारले गरेका थिए जसको समर्थन ३ न. वडा अध्यक्ष तथा कार्यपालिका सदस्य नर बिक्रम कार्कीले समर्थन गरेका थिए ।

उक्त विद्येयक र कार्य प्रगति विवरणको समर्थन र विरोधमा वा कुनै विरोध पनि गर्दिन समर्थन पनि छैन भन्ने अधिवेशन बैठकमा कुनै आवाज नउठेको र सर्वसहमतिमा बैठक सकिएको छ ।

## रामेछाप महोत्सवको चौथो दिन प्रमोद खरेलले तताए महोत्सव



रामेछाप उद्योग वणिज्य संघको आयोजनामा यही पौष २६ गतेदेखी सुरु भएको वृहत् रामेछाप महोत्सवमा सुगम संगीतका चर्चीत गायक प्रमोद खरेलले दर्शकहरुलाई नचाएका छन् ।

खरेलको उत्कृष्ट प्रस्तुतिले आइतबार(आज) महोत्सवमा दर्शकले भरपुर मनोरञ्जन लिएका हुन । उनको प्रस्तुतिमा युवाहरु यलअभ न्यचभ भन्दै झुमेका थिए । उनले आफ्ना लोकप्रीय एवं चर्चीत गीतहरु प्रस्तुत गरेका थिए । एक घण्टा भन्दा बढी समय गाएका प्रमोदले महोत्सव स्थलमा उपस्थित सबै दर्शकलाई छमछमी नचाएका हुन ।

दर्शकले खचाखच भरिएको महोत्सव स्थलमा स्टेच तताउन खप्पीस गायक खरेलले स्रोता एवं दर्शकहरुको रोजाईका गीतहरु गाएका थिए । गायक खरेलसँगै अन्य कलाकारहरु लोकेन लामा,भोजराज काफ्ले,सीता थापा र प्रवेश घतानीले पनि सांगीतिक प्रस्तुति दिएका थिए ।

मंगलबार माघ १ गते माघे संक्रान्तिका दिन गायक रामकुमार नेपाली,कृष्ण बम मल्ल,नवीन पुलामी मगर,सावित्री भुजेल,गुणराज श्रेष्ठ,राजेन्द्र कुमार कार्की,लक्ष्मी मल्ल र मिलन लामाले प्रस्तुति दिनेछन् ।

## यसपालीको हिउँदमा पानी र हिउँ नपरेपछि हिमाली क्षेत्रका किसानलाई

रामेछाप सहित हिमाली क्षेत्रमा यसपालीको हिउँदमा पानी र हिउँ नपरेपछि किसानलाई चिन्ता छ । समयमा हिमपात र वर्षा नभएपछि यसपाली हिमाली क्षेत्रको खेतीपाती प्रभावित बनेको छ । पुस र माघ महिनामा हिउँ पर्नासाथ हिमाली क्षेत्रका बासिन्दा खुसी हुने गरे पनि यस वर्ष हिउँ नपर्दा उनीहरू दुखी भएका छन् ।

हिउँदेयाममासमेत हिउँ नपरेपछि डाँडाकाडा रुखा र सुख्खा देखिन थालेका छन् । सेताम्मे हिउँ नभएपछि हिमालको शोभा घट्न थालेको छ । विगतमा जस्तो पुस, माघमा हिउँ नपर्नु, पानी नपर्नु, असोज कार्तिकमा अत्यधिक वर्षा हुनु जलवायु परिवर्तनको प्रभाव रहेको कतिपयको भनाइ छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- २३, २०८० साल माघ २ गते मंगलबार (Jan 16, 2024)

## शिवम सिमेन्ट्सको आठौं वार्षिक साधारण सभा सम्पन्न




**काठमाडौं–** शिवम सिमेन्ट्स लिमिटेडको आठौं वार्षिक साधारण सभा सम्पन्न भएको छ । उक्त साधारण सभाबाट आ.व. २०७९/०८० सम्मको संचित मुनाफाबाट शेयरधनीलाई १५ प्रतिशतका दरले लाभाँस वितरण गर्ने प्रस्ताव समेत पारित गरेको हो ।

आ.व. २०७९/०८० सम्मको संचित मुनाफाबाट (शेयर प्रिमियम वापतको रकम यथावत रुपमा कम्पनीमा नै संचित राखी) अन्य संचित रकमबाट शेयरधनीलाई चुक्ता पूँजी रु ४ अर्व ४० करोडको १४.२५ प्रतिशतका दरले रु. ६२ करोड ७० लाख बराबरको वोनस शेयर र ०.७५ प्रतिशतका दरले (कर प्रयोजनका लागि) रु. ३ करोड ३० लाख नगद लाभाँस सहित आफ्ना शेयरवालाहरुलाई कूल जम्मा १५ प्रतिशतका दरले लाभाँस वितरण गर्ने प्रस्ताव समेत पारित गरेको कम्पनीले एक विज्ञप्ती मार्फत जानकारी गराएको छ ।

हाल कम्पनीको अधिकृत पुँजी ७ अर्वर जारी तथा चुक्ता पूँजी रु. ४ अर्व ४० करोड रहेकोमा १४.२५ प्रतिशतका का दरले बोनश शेयर वितरण गरे पश्चात कम्पनीको जारी तथा चुक्ता पूँजीमा बृद्धि भई ५ अर्व २ करोड ७० लाख कायम हुनेछ ।

शिवम सिमेन्ट्स लिमिटेडको आज मिति: २०८०.०९.२७ गते राष्ट्रिय सभागृह, प्रर्दशनी मार्ग, काठमाडौंमा आयोजना गरेको आठौं वार्षिक साधारण सभा कम्पनीको संचालक समितिका अध्यक्ष गौरव गोयलको अध्यक्षतामा बसेको सभाले संचालक समितिले प्रस्ताव गरेका सामान्य प्रस्ताव र विशेष प्रस्तावहरु पारित गरी सभा सम्पन्न गरेको थियो ।

## गरिमा क्यापिटल लिमिटेडको आठौं वार्षिक साधारण सभा सम्पन्न



**काठमाडौं–** गरिमा क्यापिटल लिमिटेडले मिति २०८० पौष २५ गतेबुधबार आठौं वार्षिक साधारण सभा सम्पन्न गरेको छ । साधारण सभाले आ.व. २०७९.८० को वार्षिक प्रतिबेदन पारित गरी आ.व. २०८०.८१ को लागि लेखापरीक्षकको नियुक्ति लगायतका प्रस्तावहरु पारित गरेको छ ।

क्यापिटलका सञ्चालक समितिका अध्यक्ष दिपक पाण्डेयको अध्यक्षतामा सम्पन्न आठौं वाीर्षक साधारण सभामा आ.व. २०७९.८० को वार्षिक प्रतिवेदन उपर सहभागी शेयरधनीहरुले राख्नुभएका जिज्ञासाहरुको अध्यक्ष दिपक पाण्डेय एवं प्रमुख कार्यकारी अधिकृत निर्मल भट्टराईले स्पष्ट पारे ।

गरिमा क्यापिटल लिमिटेड नेपाल धितोपत्र बोर्डबाट अनुमति पत्र प्राप्त मर्चेन्ट बैंकर हो । यस संस्थाले हाल लगानी व्यवस्थापन सेवा (एयचतायफ्यि :बलबनभ्भलत क्भचखष्अभक - एःक) तथा निक्षेप सदस्य -म्भउयकष्तयचथ एबचतष्अष्उबलत ( डिम्याट तथा मेरोशेयर खाता सम्बन्धी) सेवा प्रवाह गर्दै आएकोमा निकट भविष्यमा नै कोष सुपरिवेक्षक र कोष प्रवर्द्धकको प्रचलित कानून बमोजिम आवश्यक स्वीकृति लिई गरिमा म्युचुअल फण्ड अन्तर्गत विभिन्न बन्दमुखी तथा खुल्लामुखी योजनाहरु व्रमशः दर्ता तथा सञ्चालन गर्दै अगाडी बढ्ने जानकारी समेत गराएको छ ।

गरिमा क्यापिटल लिमिटेडका सम्पूर्ण सेवाहरु ग्राहक समक्ष पुर्‍याउन गरिमा विकास बैंक लिमिटेडका सम्पूर्ण शाखा कार्यालयहरुबाट सहजिकरण हुँदै आएको छ । यस संस्थाले आफ्ना सेवाहरु अझ परिस्कृत र ग्राहक मैत्री तवरबाट प्रवाह गर्नको निमित्त विभिन्न नविनतम प्रविधिहरुको प्रयोग गर्दै अगाडी बढ्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

## पञ्चकन्या माई हाइड्रोपावर लिमिटेडको साधारण सभा सम्पन्न

काठमाडौं- पञ्चकन्या माई हाइड्रोपावर लिमिटेडको सातौं र आठौं वार्षिक साधारण सभा अध्यक्ष प्रेम बहादुर श्रेष्ठको अध्यक्षतामा यही २०८० पौष २४ गते कोपुण्डोल, ललितपुरमा सफलता पुर्वक सम्पन्न भयो ।

उक्त सभामा संस्थापक शेयर सदस्य, सर्व साधारण शेयर सदस्य, कम्पनीका कर्मचारी, पत्रकारहरु तथा शुभचिन्तकहरुको उल्लेख्य उपस्थिति रहेको उक्त सभाबाट सर्वसाधारण शेयरधनी (समुह ख) को तर्फबाट प्रतिनिधित्व गर्ने १ जना संचालक र स्वतन्त्र संचालक १ जनाको निर्वाचन तथा मनोनयन कार्यक्रम रहेकोमा सर्वसाधारण शेयरधनीको तर्फबाट सनिल पक्का र स्वतन्त्र संचालकमा बरदान गिरी निर्वाचित तथा मनोनय गरी नयाँ कार्य समितिको गठन गरिएको थियो ।

साथै कार्यक्रममा कम्पनीको आय व्यय विवरण, नाफा नोक्सानको वासलात, वार्षिक प्रतिवेदन र भावी कार्यक्रममा प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रममा कम्पनीका सञ्चालक र शेयर सदस्यहरुबाट मन्तव्य तथा सञ्चालक तथा शेयर सदस्यबीच गहन अन्तकृया समेत भएको थियो ।

## नेपाल टेलिकमको नयाँ प्याकेज

**काठमाडौं–** नेपाल टेलिकमले समय समयमा विभिन्न प्रकारका अफरहरु उपलब्ध गराउदै आएको छ । यसै क्रममा २०८० पुस २७ देखि लागु हुने गरी विन्टर अफर २०८० (ध्ष्लतभच इाभच द्दण्डण)अन्तर्गत विभिन्न आकर्षक प्याकहरु उपलब्ध गराउने भएको छ ।

यस अघि उपलब्ध भइरहेका फोरजी डाटा अफरलाई अझै आकर्षक बनाइएको छ । यस अनुसार १ दिनको समयावधिका लागि रु. १९ मा ४०० एमबी र रु. ३३ मा १२०० एमबी डाटा उपलब्ध हुनेछ ।

त्यसैगरी ७ दिनको समया वधिका लागि रु. १०९ मा ५ जीबी र २८ दिनको समया वधिका लागि रु. २९८ मा ७ जीबी डाटा उपलब्ध हुनेछ । स्टे कनेक्टेड प्याक अन्तर्गत ५ दिनको समयावधिका लागि रु. १०९ मा ६ जीबी डाटा तथा रु. १३९ मा ६ जीबी डाटा र १७० मिनेट अन-नेट भ्वाइस उपलब्ध हुनेछ ।

त्यसैगरी २ घण्टाको समयावधिका लागि रु. ३५ मा अनलिमिटेड प्याक उपलब्ध हुनेछ । यस अघि उपलब्ध अल टाइम भ्वाइस प्याक, अनलिमिटेड




प्याक, डाटा प्याक, सोसल मिडिया प्याक, स्टे कनेक्टेड प्याक, एसएमएस प्याक, एमटुएम प्याक लगायतका विभिन्न आकर्षक प्याकहरु समेत उपलब्ध हुने छ ।

त्यसैगरी नेपाल टेलिकम एप डाउनलोड गर्दा उपलब्ध हुने १ जीबी डाटा प्याक पनि निरन्तर रुपमा उपलब्ध हुनेछ । विन्ट र अफर अन्तर्गतका विभिन्न प्याक प्राप्त गर्नका लागि ग्राहकले ज्ञद्धज्ञछ८ज्ञ३ डायल गर्नुपर्ने छ । कम्पनीको 'नेपाल टेलिकम' एपबाट पनि यस सम्बन्धी जानकारी लिन तथा सेवा खरिद गर्न सकिन्छ । त्यसैगरी कम्पनीको वेबसाइट धधध.लतअ.लभत.लउ मार्फत यस अफर सम्बन्धीविस्तृत जानकारी प्राप्तगर्न सकिन्छ ।

यस अफरबाट सम्पूर्ण ग्राहकमहानुभावहरु लाभान्वित हुनुहुने छ भन्ने

## ब्रिटिस काउन्सिल नेपालले ६५ औं वार्षिकोत्सब मनाउँदै




**काठमाडौं–** ब्रिटिस काउन्सिल नेपालले आफ्नो मूख्य कार्यालय लण्डनमा एक प्रदर्शनीको आयोजना गर्दै सहकार्य, साझेदारी र प्रभावका ६५औं वर्ष स्मरण गर्दैछ । बेलायत नेपाल मैत्री सन्धिको शतवार्षिकी उत्सबकै आएको यो विशिष्ठ अवसरले दुई मुलुकहरुबीच सदियौंदेखि चलिआएको कुटनैतिक सम्वन्धलाई प्रष्ट पार्दछ ।

नेपालका लागि बेलायती राजदूत महामहीम रब फेनले यस अवसरलाई कोषेढुंगाको संज्ञा दिँदै कृतज्ञता व्यक्त गरे । महामहीम राजदूत रब फेनले भने, बेलायत र नेपालबीचको सम्बन्ध चीरस्थाई रहेको छ र ब्रिटिस काउन्सिल नेपालले हाम्रा दुई मुलुकहिरुबीचको सास्कृतिक तथा शैक्षिक सम्बन्धहरुलाई सुध्रिढ बनाउन उल्लेख्य भूमिका खेलेको छ ।

त्यसैगरि बेलायतका लागि नेपाली राजदूत महामहीम ज्ञानचन्द्र आचार्यले भन्नुभयो, "ब्रिटिस काउन्सिलले आयोजना गरेको प्रदर्शनीले नेपाल र बेलायतबीचको साँस्कृतिक तथा शैक्षिक आदान प्रदानलाई उजागर गर्दछ, बिगतलाई झल्काउँछ र भविष्यमा हुन सक्ने सहकार्यहरुलाई संकेत गर्दछ ।

दुई शताब्दीभन्दा लामो द्विपक्षीय सम्बन्धको पृष्ठभूमिमा आयोजित यस प्रदर्शनीले दुई मुलुकहरुबीच रही आएको मित्रता, सहकार्य र सहयोगलाई थप फराकिलो र सुधिढ बनाउन सघाउँदछ ।" बेलायत र नेपाल बीच कूटनैतिक सम्वन्धको एक अशंका रुपमा ६५ वर्ष अघि स्थापना भएको ब्रिटिस काउन्सिल नेपालले पहिलो ब्रिटिस पुस्तकालय स्थापना गरेको थियो ।

त्यस उप्रान्त, नेपाल सरकारको शैक्षिक तथा साँस्कृतिक सुधारका पहलहरुमा यो भरपर्दा साझेदारका रुपमा बिकास भएको छ, जसका प्रभावहरु लाखौं जनताहरुबीच पुगेका छन् ।

# अर्थ संसार

## ग्लोबल रेमिटमार्फत पैसा पठाउँदा २५० रूपैयाँ क्यासब्याक




**काठमाडौं–** ग्लोबल आइएमई बैंक लिमिटेडले ग्लोबल रेमिटमार्फत विदेशबाट पैसा पठाउँदा २५० रुपैयाँसम्म क्यासब्याक पाइने नयाँ योजना सार्वजनिक गरेको छ ।

पैसा आउने, थपेर पाउने नारा सहित सार्वजनिक गरेको क्यासब्याक योजनामा ग्लोबल रेमिटमार्फत विदेशबाट ग्लोबल आइएमई बैंकमा रहेको खातामा पैसा पठाउँदा २५० रुपैयाँसम्मको क्यासब्याक पाइनेछ ।

बैंकले रेमिट्यान्स कारोबारलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ ग्लोबल रेमिटमार्फत विदेशबाट पैसा पठाउने व्यक्तिले यस क्यासब्याक योजनाअन्तर्गत २५,००० रुपैयाँसम्म पैसा पठाउँदा १०० रुपैयाँ, त्यसैगरी ५०,०० रुपैयाँसम्म पैसा पठाउँदा २०० रुपैयाँ र ५०,०० रुपैयाँभन्दा बढि पैसा पठाउँदा २५० रुपैयाँ क्यासब्याक प्राप्त गर्नेछन् । यो योजना जनवरी ३१, २०२४ सम्म लागू रहनेछ ।

ग्लोबल आइएमई बैकमा नयाँ खाता खोलेर वा निष्क्रिय खातालाई पून: सक्रिय बनाएर उक्त खातामा ग्लोबल रेमिटमार्फत पैसा पठाउँदा बैंकले रेमिट्यान्समार्फत आएको पैसामा २५० रुपैयाँ सम्म थप गरिदिनेछ ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो तथा वित्तीय सूचक अनुसार मुलुककै सबैभन्दा ठुलो वाणिज्य बैंक हो ।

बैंकले देशका ७७ वटै जिल्ला तथा तीन अन्तर्राष्ट्रिय सम्पर्क-वैदेशिक प्रतिनिधि कार्यालय सहित १,१०० भन्दा बढी सेवा केन्द्रबाट बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । ग्लोबल आइएमई बैंकलाई सबैंका लागि बैंक बनाउँदै बैंकले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ ।

त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुर्‍याउँदै आइरहेको छ ।

## लुम्बिनी विकास बैंक लिमिटेडको १६ औं वार्षिक साधारण सभा सम्पन्न




**काठमाडौं–** लुम्बिनी विकास बैंक लिमिटेडले मिति २०८० पौष २६ गते बिहिबार १६औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ ।

साधारण सभाले आ. ब. २०७९/८० को बार्षिक प्रतिबेदन पारित गरी आ. ब. २०८०/८१ को लागि लेखा परीक्षकको नियुक्ति लगायतका प्रस्तावहरु संगै शेयरधनी महानुभावहरुलाई ४.५० प्रतिशत नगद लाभांश र ४.०० प्रतिशत बोनस शेयर सहित कुल ८.५० प्रतिशत लाभांश बितरण गर्ने प्रस्ताव समेत पारित गरेको छ ।

बैंकका सञ्चालक समितिका अध्यक्ष चिन्तामणी भट्टराईको अध्यक्षतामा सम्पन्न १६ औं वार्षिक साधारण सभामा आ.ब. २०७९/८० को बार्षिक प्रतिवेदन उपरसहभागी शेयर धनीहरुले राख्नु भएका जिज्ञासाहरुको अध्यक्ष एवं प्रमुख कार्यकारी अधिकृत नरेश सिंह बोहराले स्पष्ट पारेका थिए ।

देशका ७ वटै प्रदेशमा शाखा सञ्चालन गरि कारोबार गर्दै आइरहेको लुम्बिनी विकास बैंक लिमिटेडको बिभिन्न स्थानहरुमा गरी ८९ वटा शाखा कार्यालयहरु तथा एक विस्तारित शाखा(एक्सटेन्सन काउण्टर) स्थापना भएको छ ।

यस लुम्बिनी विकास बैंक लिमिटेडले "निरन्तर सह-यात्रा" भन्ने नाराका साथ उच्चस्तरीय, आधुनिक एवं नविनतम प्रविधिहरु सहितको सुरक्षित बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ । ग्राहकहरुलाई अधिकतम प्रतिफल दिने उद्देश्यले बैंकले मुद्दती निक्षेप खातामा "मासिक" रुपमा ब्याज

# अलैँचीको मूल्य उत्साहजनक वृद्धि



**विराटनगर–** कोशीका पहाडी जिल्लाको मुख्य नगदे बालीमा पर्ने अलैँचीको मूल्य उत्साहजनक रूपमा बढेको छ । अलैँची प्रतिमन यतिबेला ८० हजार रुपैयाँसम्ममा किनबेच भइरहेको छ ।

झण्डै दशकअघि प्रतिमन अलैँची एक लाख २० हजार रुपैयाँसम्ममा बिक्री भएको थियो । तर बिस्तारै घट्दै आएर प्रतिमन २० हजार रुपैयाँसम्म पुगेको थियो । यो वर्ष भने फेरि अलैँचीले राम्रो मूल्य पाउन थालेपछि किसान र व्यवसायीहरू उत्साहित बनेका छन् ।

अलैँची व्यवसायी महासङ्घ नेपालका अध्यक्ष निर्मल भट्टराईका अनुसार हाल अलैँची प्रतिमन ७८ देखि ८० हजार रुपैयाँसम्ममा किनबेच भइरहेको छ । ताप्लेजुङ, इलाम, पाँचथरलगायत पहाडी क्षेत्रमा उत्पादित अलैँचीलाई ग्रेडिङ गरेर मूल्य कायम गरिन्छ । ग्रेडिङपछि गुणस्तरका आधारमा त्यसको मूल्य केही कम बेसी हुने गरेको व्यवसायी बताउँछन् ।

गत वर्ष अलैँचीको कारोबार प्रतिमन २५ हजार रुपैयाँबाट सुरु भएर ५९ हजार रुपैयाँ प्रतिमन बिक्री भएको थियो । उत्पादित अलैँची झापाको बिर्तामोडमा सङ्कलन गरी आवश्यक प्रक्रिया पुऱ्याएर भारततर्फ निकासी गरिन्छ । अधिकांश अलैँची भारत निर्यात हुने गरेको छ भने पाकिस्तान र खाडी मुलुकहरूमा पनि नेपाली अलैँची जाने गरेको छ । केही परिमाण अलैँची इटाली, जर्मनी र अमेरिकामा पनि निर्यात हुने गरेको छ ।

चालु आर्थिक वर्षको मंसिरसम्म झापाको मेची भन्सारबाट तीन अर्ब रुपैयाँभन्दा बढीको अलैँची निर्यात भएको भन्सार कार्यालयले जनाएको छ । आर्थिक वर्ष ०८०-८१ को मंसिर मसान्तसम्म २३ लाख ७४ हजार ११० किलो अलैँची निर्यात भएको तथ्याङ्क छ । उक्त परिमाणको अलैँचीबाट तीन अर्ब नौ करोड ८६ लाख १४ हजार रुपैयाँ नेपाल भित्रिएको जनाइएको छ ।

ताप्लेजुङ, पाँचथर, इलाम, धनकुटा, सङ्खुवासभा, भोजपुर, तेह्रथुम लगायत जिल्लामा अलैँची खेती प्रशस्त हुने गरेको छ । आर्थिक वर्ष २०७८-७९ मा नेपालबाट ४ अर्ब ५५ करोड रुपैयाँको अलैँची निर्यात भएको थियो ।पूर्वी पहाडी जिल्ला र अरू जिल्लामा समेत गरी देशभर करिब १६ हजार हेक्टर जग्गामा अलैँची खेती हुने गरेको छ । उक्त क्षेत्रफलबाट करिब ८ हजार ३ सय टन अलैँची उत्पादन हुन्छ ।

# नारायणगढ मुग्लिन सडक माघ २० सम्म दैनिक ४ घण्टा बन्द

**चितवन–** गत पुस ७ गतेदेखि दैनिक ४ घण्टा बन्द हुँदै आएको नारायणगढ मुग्लिन सडकखण्ड थप तीन हप्ता बन्द हुने भएको छ । तुइन खोलामा पुल बनाउने फाउण्डेसन बनाउन पहाड काट्ने प्रयोजनका लागि पुस ७ गतेदेखि २८ गतेसम्म तीन हप्ताका लागि सडक बन्द गरेर काम थालिएको थियो ।

तर, तोकिएको समयभित्र पहाड काट्ने काम पुरै नसकिएपछि जिल्ला प्रशासन कार्यालयमा बसेको सर्वपक्षीय बैठकले थप ३ साताका लागि सडक बन्द गरेर पहाड काट्ने निर्णय लिएको हो । पुस २८ गतेदेखि माघ २० सम्म दैनिक दिउँसो १२ बजेदेखि ४ बजेसम्म सडक बन्द गरेर पहाडको चट्टान काट्ने काम गरिने आयोजनाका इन्जिनियर एवं सूचना अधिकारी कृष्ण आचार्यले जानकारी दिए ।

गत वर्ष पनि सो खण्डमा पुलका लागि भन्दै पुस ५ गतेबाट सडक बन्द गरेर पहाडको भित्ता काट्ने काम गरिएको थियो । अन्यत्र पहाड काटेर पुलहरू धमाधम बने पनि तुइन खोलाको मुग्लिनतर्फको भागमा कडा चट्टान भेटिएपछि आयोजनाले विष्फोट गराएर मात्रै पहाड काट्न सकिने निष्कर्ष निकालेको थियो ।

तर, खानी तथा टनेलमा काम गर्ने प्राविधिकहरूको स्थलगत अध्ययनपछि प्राविधिकहरुको सल्लाहअनुसार फरक प्रविधिको प्रयोग गरेर यसपटक चट्टान काट्न थालिएको थियो । आयोजनाका इन्जिनियर तथा सूचना अधिकारी



आचार्यका अनुसार रक स्प्लीटर, हाइड्रोलिक ज्याक हेम्बरको सहयोगमा चट्टान काट्ने काम गरिएको छ ।


गत बर्षको भन्दा यसपटक प्रगति पनि अपेक्षाकृत नै रहेको उनले बताए । यसपटक ३८ टनको ब्रेकर पनि प्रयोग गरिएको छ । यसअघि २२ टनको ब्रेकर प्रयोग गरिएको थियो । गत बर्ष झण्डै तीन महिना तुइन खोलाको पहाडमा सडक बन्द गरेर ६० मिटर अग्लो ठाँउबाट चट्टान काट्ने प्रयास गरिएको थियो ।

गत बर्ष झण्डै ३० प्रतिशत मात्रै भित्तो काट्न सकिएको थियो । तुइन खोलाको नारायणगढतर्फको भाग भने अधिकांश काटिसकिएको छ । पछिल्लो तीन हप्तामा सडक बन्द गरेर ३५ मिटर अग्लो पहाडलाई १५ मिटर काटेर २० मिटरमा झारिएको आयोजनाले जनाएको छ । बाँकी २० मिटर थपिएको ३ हप्ता भित्र काट्ने योजना छ ।

जमिनको सतह नजिकै ल्याएपछि सवारी नरोकिकन पनि काम गर्न सकिने आयोजनाले जनाएको छ । दैनिक ४ घण्टा भनेपछि ३ घण्टाभन्दा बढी समय ठेकेदार कम्पनीले काम गर्न नपाएको आयोजनाले दावी छ ।

यो सडक खण्डमा बन्ने नयाँ १९ वटा पुलमध्ये यहीँ तुइन खोलाको पुलको काम मुख्य रुपमा बाँकी छ । अन्य धेरैजसो पुल सञ्चालनमा आएका छन् भने, तीन पुल सञ्चालनको तयारीमा छन् ।

# काठमाडौं महानगरले ४ हजारलाई साइबर सेक्युरिटी तालिम दिने



**काठमाडौं–** काठमाडौं महानगरपालिकाले ४ हजार व्यक्तिलाई साइबर सेक्युरिटी तालिम दिने भएको छ ।

'रोजगारी र आय वृद्धि, काठमाडौंको समृद्धि' गौरव योजनाअन्तर्गत १५ हजार व्यक्तिलाई तालिम दिने र पाँच हजार व्यक्तिलाई रोजगारीमा आवद्ध गराउने लक्ष्य रहेको भन्दै २ माघबाट तालिम सुरु गर्ने महानगरले जनाएको छ ।काठमाडौं महानगरले इसी काउन्सिल र ग्याप टेक्नोलोजिजसँगको सहकार्य गरेर तालिम दिने जनाएको छ ।

सहरी योजना आयोगका सदस्य इञ्जिनियर शैलेन्द्र झाका अनुसार यो सहकार्यबाट पाँच करोड रुपैयाँको छात्रवृत्ति प्रदान हुनेछ । उनका अनुसार साइवर सुरक्षा सिप रोजगारमूलक शिक्षा हो । यसले व्यक्तिलाई सम्भावित साइवर अपराधबाट बचाउँछ भने सिपबाट रोजगार क्षेत्रमा आवद्ध हुन सकिन्छ । 'साइबर सुरक्षाका लागि काम गर्न इच्छुक विद्यार्थी र पेसाकर्मीहरुलाई तालिममा साइबर जोखिमबाट बचाउने ज्ञान र सिप प्रदान गरिनेछ ।'

महानगरले सहकार्य गरेको इसी काउन्सिल साइबर सुरक्षा प्रमाणपत्र र तालिममा विश्वव्यापी अग्रणी र प्रमाणित नैतिक ह्याकर क्रेडेन्सियलको आविष्कार रहेको जनाएको छ । महानगरले दाबी गरेको अनुसार नेपालमा ५९ प्रतिशतले साइबर अपराध बढेको प्रतिवेदनहरुले देखाएका छन् । यसप्रकारका अपराध नियन्त्रण गर्न बलियो र दक्ष साइबर सुरक्षाका लागि तालिमले योगदान दिनेछ ।

झाका अनुसार इन्टरनेटमा व्यक्तिको पहुँच बढे जत्तिकै साइबर सुरक्षाको चुनौती पनि बढेको छ । स्मार्ट फोन चलाउने सर्वसाधारणमा पनि इन्टरनेटमा आधारित सुरक्षा चाहिएको छ । तर, अहिलेसम्म व्यक्तिमा यो सचेतना आइसकेको छैन ।

झाले भने, ' » बाकी ६ पृष्ठमा

# खेलकुद

## अफ्रिकामा आयोजना हुने यू-१९ विश्वकपका लागि म्याच अफिसियलहरू नियुक्त

**काठमाडौं–** अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले यसै महिना दक्षिण अफ्रिकामा आयोजना हुने यू-१९ विश्वकपका लागि म्याच अफिसियलहरु नियुक्त गरेको छ । यू-१९ विश्वकप जनवरी १९ देखि फेब्रुअरी ११ तारिखसम्म आयोजना हुँदैछ ।

प्रतियोगिताका लागि विभिन्न राष्ट्रबाट १६ अम्पायर र चारजना म्याच रेफ्री नियुक्त गरिएको समाचारमा जनाइएको छ । प्रतियोगिताको उद्घाटन खेल आयोजक राष्ट्र दक्षिण अफ्रिका र पूर्वविजेता वेस्ट इन्डिजबिच हुनेछ ।

उद्घाटन खेलमा आयरल्यान्डका रोल्यान्ड ब्ल्याक र बंगलादेशका गाजी सोहेलले फिल्ड अम्पायरको भूमिका निर्वाह गर्नेछन् । ब्ल्याकले यसअघि पनि दुईवटा यू-१९ विश्वकपमा अम्पायरको भूमिका निर्वाह गरिसकेका छन् । उक्त खेलमा श्रीलंकाका ग्रेहम लाब्रुईले म्याच रेफ्रीको भूमिका निर्वाह गर्नेछन् ।

उक्त विश्वकपमा अम्पायरको भूमिकामा विसमिल्लाह जन सिनवारी, डोनोभान कोच, फिल गिलेस्पी, गाजी सोहेल, मसुदुर रह मुकुल, माइक ब्रुन्स, केएनए पदमनभान, रोल्यान्ड ब्ल्याक, फैसल खान अफरिदी, रासिद रियाज वकार, अल्लाउद्दिन पालेकर, बोनगानी जेल, प्याट्रिक गुस्टर्ड, निगेल दुगुइद, लाङ्टन रुसेर र फोस्टर मुतिजवा रहेका छन् ।

यसैगरी म्याच रेफ्रीको भूमिकामा ग्रेहम लाब्रुई, साहिद वादभाला, नारायण कुट्टी र वेन नुन रहेका छन् । यू-१९ विश्वकपमा १६ टोलीको सहभागिता रहेको छ । सहभागी टोलीलाई चार समूहमा विभागजन गरिएको छ । नेपालले पनि यू-१९ विश्वकप खेल्दैछ । नेपाल प्रतियोगिताको समूह 'डी' मा परेको छ । उक्त समूहमा न्युजिल्यान्ड, अफगानिस्तान र पाकिस्तान पनि रहेका छन् । नेपालले आफ्नो पहिलो खेल जनवरी २१ मा न्युजिल्यान्डसँग खेल्नेछ ।

यसैगरी नेपालले आफ्नो दोस्रो खेल जनवरी २४ मा पाकिस्तानसँग र तेस्रो खेल २७ तारिखमा अफगानिस्तानसँग खेल्नेछ । प्रतियोगिताको समूह 'सी' मा अस्ट्रेलिया, श्रीलंका, जिम्बाबे र नामिबिया रहेका छन् । समूह 'बी' मा दक्षिण अफ्रिका, इङ्ल्यान्ड, वेस्ट इन्डिज र स्कटल्यान्ड छन् । समूह 'ए' मा भने भारत, बंगलादेश, अमेरिका र आयरल्यान्ड रहेका छन् ।

## एसीसी वुमन्स प्रिमियर कप मलेसियामा हुने



**काठमाडौं–** एसीसी वुमन्स प्रिमियर कप आगामी फेब्रुअरी १० देखि १८ सम्म मलेसियामा हुने भएको छ ।

एसियाली क्रिकेट काउन्सिल (एसीसी) बिहीबार वर्ष २०२४ का लागि वार्षिक क्यालेन्डर सार्वजनिक गर्दै महिला वुमन्स कपको मिति तय गरेको हो । टी २० फर्म्याटमा हुने प्रतियोगितामा कूल १६ टोलीले प्रतिस्पर्धा गर्नेछन् ।

प्रतियोगितामा आयोजक मलेसियासहित नेपाल, थाइल्याण्ड, युएई, हङकङ, चीन, म्यानमार, इन्डोनेसिया, भुटान, बहराइन, ओमान, कुवेत, सिंगापुर, जापान, कतार र माल्दिभ्सले खेल्नेछन् । यस प्रतियोगिताको शीर्ष दुई टोलीले महिला एसिया कप टी २० क्रिकेट खेल्न पाउनेछ ।

एसीसीले सार्वजनिक गरेको क्यालेन्डर अनुसार महिला एसिया कप जुलाईमा हुनेछ । जसमा भारत, पाकिस्तान, श्रीलंका र बंगलादेशसहित प्रिमियर कपका शीर्ष दुई टोली गरी कूल ६ टोलीले प्रतिस्पर्धा गर्नेछन् । नेपालको महिला टोलीले पछिल्लो पटक गत सेप्टेम्बरमा मलेसियामै भएको आईसीसी वुमन्स टी २० विश्वकप एसिया रिजन क्वालिफायर खेलेको थियो ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१६, अंक- २३, २०८० साल माघ २ गते मंगलबार (Jan 16, 2024)

# पोल्ट्री दिवसका अवसरमा सम्पादक जोशी तथा चापागाईं सम्मानित



■ जयराम बिडारि

काठमाडौं- कुखुराको मासु र अण्डाको परिकार स्वस्थ्य जीवनको आधार'' भन्ने मूल नाराका साथ भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्र ललितपुरको आयोजनामा सप्ताहव्यापी ११औं राष्ट्रीय पोल्ट्री दिवसका अवसरमा शृङ्खला मासिक तथा स्टार एक्सप्रेसका प्रधान सम्पादक प्रवीण जोशी तथा नयाँ स्वाभिमानका सम्पादक कृष्ण प्रसाद चापागाईं सम्मानित भएका छन् ।

कृषि तथा पशुपन्छी विकाश मन्त्रालय अन्तर्गतका निर्देशनालय एवं मातहतका कार्यालय मार्फत कुखुराको स्वस्थ्य मासु तथा अण्डाको पौष्टिकताका बारे जनचेतना अभिवृद्धि गरि यस सम्बद्ध सरोकारवाला कुखुरापालक व्यवसायी हरुलाई आर्थिक समुन्नतिमा टेवा पुर्याउने उद्देश्यले २०७० देखि निरंतर रुपमा संचालन गरिएको राष्ट्रिय पोल्ट्री दिवस तथा पशुजन्य पदार्थ उपभोग प्रवर्द्धनको ११औं शृंखला अन्तर्गतको कार्यक्रमलाई प्रभावकारी भूमिका निभाएकाले समापनका अवसरमा उक्त सम्मान गरिएको हो ।

उक्त कार्यक्रम भेटेरिनरी अस्पताल तथा सेवा विज्ञ केन्द्र ललितपुरका बरिष्ठ पशु विकास अधिकृत डा.रामप्रकाश प्रधानको अध्यक्षता तथा केन्द्रीय रिफरल पशु चिकित्सालय त्रिपुरेश्वरकी सह सचिव डा. शर्मिला चापागाईंको प्रमुख आतिथ्यता एवं भेटेरिनरी अस्पताल तालिम केन्द्र, ललितपुरका निमित्त प्रमुख वासुदेव नाथ, एवं नेपाल भेटेरिनरी एसोसिएशनकी केन्द्रीय सदस्य मलिशा श्रेष्ठ लगायत उपत्यकाका २१ पशु सेवा शाखा का प्रतिनिधिको सहभागीतामा सम्पन्न गरिएको थियो ।

राष्ट्रीय गान बजाएर शुभारम्भ गरिएको कार्यक्रमको उद्घाटन प्रमुख अतिथिद्वारा व्यानर पढेर गरिएको थियो । उक्त कार्यक्रममाा सोही कार्यालयका प्राविधिक अधिकृत होमबहादुर थापाले स्वागत मन्तव्यका क्रममा स्वस्थ्य जीवनयापनका लागि स्वस्थ्य मासुका परिकार तथा अण्डाको प्रयोगमा व्यापक जनचेतनमा अभिवृद्धि गर्न सक्दो प्रयास गर्नु कार्यक्रमको प्रमुख लक्ष रहेको बताएका छन् ।

उक्त कार्यक्रममा अध्यक्षता जनाएका रामप्रकाश प्रधानले कार्यपत्र प्रस्तुत गर्दै बागमती प्रदेश अन्तर्गत काठमाण्डौ,भक्तपुर र ललितपुरका ३ जिल्ला २१ स्थानीय तहमा मात्रै कुल मासु उत्पादन ६२,६८,५०८के.जी.रहेकोमा हाँस/कुखुराको मासु उत्पादनको हिस्सा २७,२६,८०० के.जी. ओगटेको तथ्यांक प्रस्तुत गर्दै अण्डा उत्पादनको मात्रा १७,५३,८३,५०६ गोटा रहेको जानकारी गराउंदै कार्यक्रम सफल पार्न विविध कार्ययोजना बनाई ८ सामुदायिक विद्यालयका २४११विद्यार्थी लाई ७६२० सरकारी अस्पतालका ६६ विरामीलाई २१० ,२ वटा इटा उद्योगका २६५ मजदुरलाई १४०० तथा २ बृद्धाश्रमका ५५ विरामीलाई ४२० गरि उक्त कार्यक्रमबाट जम्मा २७९७ व्यक्ति लाभान्वित भएको र ९६५० गोटा अण्डा वितरण गरिएको जानकारी गराए ।

उक्त कार्यक्रममा शृङ्खला मासिक तथा स्टार एक्सप्रेसका प्रधान सम्पादक प्रवीण जोशी तथा नयाँ स्वाभिमानका सम्पादक कृष्ण प्रसाद चापागाईं सम्मानित भएका छन् । सो कार्यक्रममा समानानित जोशीले हतारको साहित्य भनिने पत्रकारिताका क्षेत्रमा आफूले प्राप्त सम्मानले थप जिम्मेवारीका साथ अघि बढ्न प्रेरित गरेको बताएका छन् । कार्यक्रमको क्रममा चन्द्रागिरी नगरपालिका पशु सेवा शाखा प्रमुख बद्रीनाथ पौडेल,गोदावरी नगरपालिकाका प.से.शाखा प्रमुख ईश्वरप्रसाद घिमिरे चाँगु नारायण नगरपालिका प.से.शाखा प्रमुख खड्क कुमार मैनाली, बागमती गाऊँ पालिका प. से. प्रमुख रामप्रसाद अधिकारीले

अन्तरक्रियामा भाग लिंदै स्वस्थ्य मासु तथा अण्डा सेवनका क्रममा पशु स्वास्थ्य अवस्था लगायत भ्याक्सिनेसनका प्रभाव र असरका बारेमा ध्यान दिनुपर्ने बताउँदै आगामी कार्यक्रम थप प्रभावकारी बनाउनका लागि सुझाव दिएका थिए ।

सो कार्यक्रममा । सो कार्यक्रममा पशु सेवा तालिम केन्द्र बागमति प्रदेश ललितपुरका निमित्त वरिष्ठ तालिम अधिकृत बासुदेव नाथले आगामी दिनमा पशु पालक किसानको उत्थानका लागि साताव्यापी रुपमा मात्रै नभई सहकार्य समन्वय र सहअस्तित्वको आधारमा निरन्तरता दिनुपर्ने कुरामा जोड दिएकाा छन् । यसैक्रममा प्रमुख अतिथि शर्मिला चापागाईंले सरकार र सरोकारवाला पक्ष एउटै डुङ्गामा यात्ररत रहेपनि कतिपय कुरामा कार्यान्वयन पक्षमाा जटिलता उत्पन्न रहेको जनाउंदै कुनै पनि दिवस साङ्केतिक रुपमा मनाउने भए तापनि यसलाइ निरन्तरता दिन सकेमा लक्ष हासिल गर्न सहज हुने बिचार ब्यक्त गरेकी छन् ।

यहि पौष १७ देखि २४ सम्म चलेको साताव्यापी कार्यक्रम अन्तर्गत पहिलो दिन नमुना मच्छिन्द्र मा. वि.लगनखेल हुंदै क्रमश:

मध्यपुर थिमि नगरपालिका-८ स्थित बोडे मा. वि. तथा सोही ठाउँमा रहेको श्री द्योमां जगत बृध्दाश्रम, मनासिक अस्पताल लगनखेल, का साथै ललितपुर महानगरपालिका-२८, हरि सिद्धिस्थित त्रिशक्ति इट्टा उद्योगका श्रमिक लगायत कर्मचारी का साथै काठमाडौं पञ्चकन्या मा. वि. बुढानिलकण्ठका विद्यार्थीका साथै टोखा नगरपालिका २ स्थित चण्डेश्वरी मा.वि. गोदावरी नगरपालिकास्थित श्री चण्डीदेवी आधार भूत विद्यालय डुकुछापका विद्यार्थीहरुको पोषण सुधारका निमित्त अण्डा वितरण गरि मासु र अण्डाको पौष्टिकताका बारेमा बिषद् विवेचना गरिएको थियो ।

कार्यक्रमका अध्यक्षता गरेका भेटेरिनरी अस्पताल तथा सेवा विज्ञ केन्द्र ललितपुरका बरिष्ठ पशु विकास अधिकृत डा.रामप्रकाश प्रधानले अन्तरक्रियाका क्रममा अभिव्यक्त भएका जिज्ञासा तथा सुझावलाई सम्बोधन गर्दै कतिपय नीतिगत कुरामा कार्ययोजना बनाउन लागि तीनै तहका सरकारलाई सुझाव दिएर सहकार्य गर्न प्रभावकारी भूमिका खेल्ने बताउँदै दिवसका क्रममा मात्र नभई आफ्नो क्षेत्रबाट इमान्दारीताका साथ चौपाया पशुहरुमा भ्याक्सिन लगाउन शुरवात गरि १७ हजार पशुमा भ्याक्सिन लगाई सकिएको बताउंदै कतिपय सुझावलाइा दुग्ध दिवसका क्रममा समन्वय र कार्यान्वयन गरिने बताएका छन् । कार्यक्रमको सहजकर्ताको भूमिका सोही कार्यालयका अधिकृत कृष्ण कार्कीले कुशलता पूर्वक निभाएका थिए ।

## अन्तराष्ट्रिय समाचार

### माओवादीले नयाँ नेपालको नारालाई वाग्मतीमा बगाए : प्राध्यापक एसडी मुनी




नयाँ दिल्ली – नेपालको शान्ति प्रक्रियामा सघाएका भारतीय प्रध्यापक एसडी मुनिले माओवादीले जगाएको आशा अनुरुपको काम गर्न नसकेको बताएका छन् । उनले 'नयाँ नेपाल' को नारा दिएको माओवादीले त्यसलाई वाग्मतीमा बगाएको टिप्पणी गरे।

त्रिभुवन विश्व विद्यालयका प्राध्यपाक कृष्ण हाछेथुले लेखेको 'नेसन बिल्डिङ एण्ड फेडरलिजम इन नेपाल' किताबमाथिको छलफलमा प्राध्यापक मुनिले नेपालको संविधान निर्माणदेखि अहिलेसम्म ६ जना नेताहरुको सिन्डिकेटले काम गरिरहेको बताएका छन् । 'पावर सेयरिङ' पनि उनीहरुकै वरिपरि घुमिरहेको उनको भनाइ छ ।

'माओवादीले हतियार बिसाउने कुरा भारत र नेपाल दुवै देशका लागि राम्रो कुरा थियो, अर्को तिर माओवादीले नयाँ नेपाल बनाउने कुरा गरेका थिए । त्यो दुई कुराले गर्दा मैले सघाएको थिए,' उनले भने, 'तर, नयाँ नेपालको कुरा वाग्मतीमा बगाइसकेका छन् । पावर सेयरिङकै वरिपरि सबै घुमेका छन् ।'

निश्चित मानिसहरुले 'पावर सेयरिङ' का नाममा गरिरहेको राजनीति नेपालका लागि ठूलो रोग रहेको उनको टिप्पणी छ । उनले निश्चित नेताहरुको सेन्डिकेटलाई माफियाको समेत संज्ञा दिएका थिए । उनले ती व्यक्तिहरुले आफ्नो पार्टी भित्र पनि 'पावर सेयरिङ' गर्न नचाहेको भने । उनले त्यस्तै व्यवहारहरुका नेपालमा गणतन्त्र र संघीयताका विशेषताहरु बलियो हुन नसकेको उल्लेख गरे ।

उनले नेपालकै नेताहरुले भारतलाई 'स्पेस' दिने गरेको समेत बताए । अहिले त चीनपनि 'डिक्टेट' गर्ने भूमिकामा आइसकेको उनको भनाई थियो । संविधानजारी पूर्व दिल्ली आएका केही नेताहरुले यहाँको संस्थापनको चाहना अनुसार 'सनातन धर्म' को पक्षमा कमिटमेन्ट गरेको उनले बताए ।

'त्यतिबेला उहाँहरुसँग मेरो पनि भेट भयो, नेपाली नेताहरुले भारतमा सरकारमा रहेकाले हिन्दु राष्ट्र राख्न दिएको दबाब बारे सुनाएका थिए,' उनले भने, 'मैल भनेको थिए-त्यसो हो भने दबाब दिनेलाई भन्नुस् पहिला भारतलाई हिन्दु राष्ट्र बनाउनुस् ।'

युरोपियन युनियनले क्रिश्चिनिटीलाई हेर्दै दिएको दबाब र यता भारतीय संस्थापनको दबाबमा संविधानमा 'सेकुलर' पनि लेखे र सनातनको कुरापनि लेखेको उनले भने । उनले नेपालको राजनीतिलाई सही ट्र्याकमा ल्याउन युवा पुस्ताले हस्तक्षेप गर्नुपर्ने बताए ।

त्रिबिका प्राध्यापक हाछेथुले नेपाल जस्तो 'कम्प्रमाइजिङ' संविधान अन्यत्र कतै पनि नरहेको बताए । उनले गणतन्त्र र संघीयताको विकल्प नरहेको भन्दै आफू अझैपनि आशावादी रहेको उल्लेख गरे । उनले पनि कही नेताहरुले संविधानलाई अगाडि पनि बढ्न नदिने र पछाडि पनि फर्किन नदिने खालेको बनाएको बताए ।

### विश्वको सबैभन्दा मूल्यवान कम्पनी बन्न एप्पल र माइक्रोसफ्टबीच प्रतिस्पर्धा

काठमाडौं – सन् २०२१ यता पहिलोपटक बिहीबारको सेयर बजार कारोबारका क्रममा एप्पललाई पछि पार्दै माइक्रोसफ्ट विश्वको सबैभन्दा मूल्यवान कम्पनी बन्न सफल भयो । २०२४ सुरु भएदेखि नै एप्पलको सेयर निरन्तर खस्किने क्रम जारी छ भने माइक्रोसफ्टले आफ्नो अवस्था निरन्तर सुधार गर्दै लगेको छ ।

बिहीबार केही समयका लागि माइक्रोसफ्ट पहिलो स्थानमा रहे पनि एप्पलले केही घण्टामै आफ्नो पहिलो स्थान फिर्ता लिएको थियो, त्यसपछि दिनभर नै दुई कम्पनीको एकअर्कालाई उछिन्ने क्रम चलिरह्यो । बिहीबार बजार बन्द हुँदा भने एप्पल २८ खर्ब ८९ अर्ब अमेरिकी डलर मूल्यका साथ पहिलो स्थानमा कायम छ भने माइक्रोसफ्ट २८ खर्ब ८६ अर्ब मूल्यका साथ दोस्रो स्थानमा रहेर एप्पललाई पछ्याइरहेको छ ।

विश्वको मूल्यवान कम्पनीको सूचिको तेश्रो स्थानमा ६ खर्ब २० अर्ब अमेरिकी डलरका साथ साउदी अराम्को, चौथो स्थानमा १७ खर्ब ८८ अर्ब अमेरिकी डलरको अल्फाबेट (गूगल) र पाँचौं स्थानमा १६ खर्ब ३ अर्ब अमेरिकी डलरका साथ अमेजन रहेका छन् भने छैंटौंदेखि दसौं नम्बरसम्म क्रमश: एनभिडिया, मेटा, बर्कसायर, टेस्ला र लिली छन् । सूचीमा संलग्न भारतीय अर्बपति मुकेश अम्बानीको रिलायन्स इन्डस्ट्रिज २ खर्ब २१ अर्ब अमेरिकी डलर मूल्यका साथ ४५औं नम्बरमा रहेको छ ।

डिसेम्बर १६, २०२३ मा ३० खर्ब १ अर्ब आसपास रहेको एप्पलको मूल्य त्यसयता ओरालो लाग्न शुरू भएको थियो, एप्पलले आफ्नो वर्ष २०२३ भर ४८ प्रतिशत बृद्दि गर्न पनि सफल भएको थियो । आफ्नो पछिल्लो सफल जेनेरेटिभ एआई उत्पादन च्याटजीपीटी सार्वजनिक गर्नुपूर्व लगभग साढे १६ खर्ब अमेरिकी डलर मूल्य रहेको माइक्रोसफ्टले त्यसयता आफ्ना उत्पादनमा निरन्तर सुधार र शेयरमा लगातार बृद्दि गर्दै आएको छ ।

### साइबर सेक्युरिटी...

पृष्ठ ५ बाट जारी

व्यक्तिका व्यक्तिगत सूचनाहरु थाहा नपाइ अरुले दुरुपयोग गरिरहेको हुन सक्छ । कहिलेकाही सरकारको प्रणालीमा पनि समस्या आउने गरेको सुनिन्छ । इन्टरनेटमा आधारित जोखिमबाट नागरिकलाई बचाउन अहिले काम गर्नु पर्नेछ । हामीले यसको थालनी गरेका हौं ।'

साइबर सेक्युरिटी तालिममा स्मार्ट फोन, इमेलहरुमा प्राप्त हुने म्यासेज तथा सूचना, इन्टरनेट जडान भएका उपकरण र यसमा प्रयोग हुने एप्लिकेसनहरुको आधिकारिकता, जोखिमका विषयमा सिकाइनेछ । प्रोग्रामिङ्ग, नेटवर्किङ् र डाटा भण्डारणका लागि क्लाउडका आधारभूत पक्ष सिकाइने भ्काले बताए ।

यस्ता प्रणालीलाई सुरक्षा गर्ने प्रणाली विकास, वेभ एप्लिकेसन डिभलपमेन्ट, सुशासन, जोखिम न्युनीकरणको अनुपालना, तथ्याङ्क विश्लेषण र व्यापार कला जस्ता प्रणाली सञ्चालन हुने प्लेटफर्म, यस्ता प्लेटफर्महरुको उपयोग र दुरुपयोगजस्ता विषय तालिममा राखिएका छन् ।

३४ विधामा तालिम दिइने

महानगरले सञ्चालन गर्ने सीपमुलक कार्यक्रमका फोकल पर्सन शान्ता पहाडीका अनुसार अहिले सफ्टवेयर डिभलपमेन्ट, ब्युटिसियन, डिजिटल मार्केटिङ्, र प्रफेसनल एकाउन्टिङ्ग तालिम सुरु भइसकेका छन् । 'हामीले विभिन्न ३४ विधामा तालिम दिंदैछौं । आवश्यकता र मागका आधारमा तालिमका अन्य विधा थप गर्नेछौं,' उनले भनिन् ।

१५ हजार व्यक्तिलाई तालिम दिने लक्ष्य राखेको महानगरले साइबर सेक्युरिटी तालिमबाट मात्रै ४ हजार संख्या पुग्ने देखिन्छ । महानगरले दिने अन्य तालिम सञ्चालन गर्न ४० वटा तालिम कक्ष -प्रयोगशाला तयार भइरहेका छन् ।

तालिम संयोजक देवेन्द्र के.सी.का अनुसार इलेक्ट्रिसियन, कम्प्युटर, ब्युटिसियन, कपाल काट्ने सैलुन (हेयर कट) , फेसन डिजाइनिङ्, टेलरिङ्, कुलिनरी आर्ट, कम्प्युटर हार्डवेयर, सीसीटिभी जडान, भर्टिकल फार्मिङ् र गार्डेनिङ् लगायत तालिमका लागि कक्ष तयार भइरहेका हुन् ।

### भरतपुर महानगर...

पृष्ठ १ बाट जारी

र १२ बाट नवलपुर वा राप्ती करिडोर हुँदै गोलाघाटबाट नवलपुर उपयुक्त विकल्प हुन सक्ने उल्लेख बताए ।

मन्त्री ज्वालालाई प्रमुख दाहालले रेलमार्गको कार्य स्थानीयसँगको सहयोग र सहकार्यबाट टुङ्गोमा पुराउनुपर्ने धारणा राखे 'रेल मार्गका लागि विकल्पहिन कुरा गर्न मिल्दैन, उहाँले भन्नुभयो,'अहिलेको मार्गबाट धेरै क्षति पुग्छ भने हामीले नै अर्को विकल्प दिन सक्नुपर्छ । हामी रेलवे लाईन पनि चाहियो, भरतपुरमा रेलवे लाईन नहुँदा भरतपुर विकासबाट पछि पर्ने छ ।'

प्रमुख दाहालले अहिलेको विषयलाई पुन अवलोकन हुनुपर्‍यो भनि छिटोभन्दा छिटो स्थानीयको माग सम्बोधन गराउने उद्देश्यले सरोकारवालाबीच छलफल कार्यक्रम राखिएको प्रष्ट पारे । केही दिनअघि प्रस्तावित मार्गमा रेल विभागको सर्भे गर्ने काम सुरु भएसँगै स्थानीयहरु आन्दोलित भई महानगरपालिकालाई ज्ञापनपत्र बुझाएका थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री ज्वालाले अहिलेका लागि प्रस्तावित रेल मार्गको कार्य स्थगित भएको बताए । केही दिनमा रेल विभागको महानिर्देशकसहित प्राविधिक टोलीले विकल्प दिएका रुटको बारेमा अध्ययन गर्ने मन्त्री ज्वालाले जानकारी दिए । यस्ता आयोजनाहरु जनतासँगको छलफलको निर्ष्कषपछि मात्रै अगाडि बढ्ने भएकाले तत्काल काम नहुने प्रष्ट पारे ।

छलफलका क्रममा चितवनका राजनैतिक दलका प्रमुखहरुले बिना कुनै छलफल रेलमार्गको कार्य अगाडि बढाउन नहुने मत व्यक्त गरेका थिए । उनीहरुले विकासको नाममा हुने विनाशले कुनै अर्थ नराख्ने बताए । कार्यक्रममा बोल्ने अधिकाशं वक्ताहरुले जनतालाई सुकुम्बासी बनाउने गरी निर्माण हुने आयोजनामा कुनै पनि सहमत हुन नसक्ने उल्लेख गरे ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# सम्वन्धको दोबाटोले कोरेको समाजको चित्र मेरो पाठकीय दृष्टिकोण



प्रतिभा भट्टराई


नवीनतम कथाकार रवीन्द्र के सी को, भर्खरै लोकार्पण गरिएको २१ भिन्न शीर्षकका कथाहरु संग्रहित कृति सम्बन्धको दोबाटो समुन्द्र रुपी समाजमा भेटिने फरक प्रकृतिका मानिसहरूका फरक बानि,व्यवहार, सोच बाध्यता, कुटिलता मित्रता तथा बाँच्न का लागी गर्नु पर्ने अनेकौं संघर्ष पीडाका बीच मौलाएका फरक फरक सम्बन्धहरू को सुक्ष्म अध्ययन पश्चात गरिएको विश्लेषण हो।

आफ्नो कर्तब्य पूरा गर्ने क्रममा देश तथा विदेशका केही शहरहरू घुमे सँगै नियालेका धेरै जसो सत्य र कतिपय काल्पनिक , बताउन सकिने, नसकिने, व्यक्त गरिएका, गर्न नसकिएका लुकाइएका, बृद्ध बृद्धा का चाहना र पीडाका कथा ,अल्लारे उमेरमा गरीने प्रेम र गल्तीका कथा, विवाहित र एउटै छाना मुनि बसेर पनि भूसको आगो भ्कैं भित्र भित्रै सल्किएर खोक्रो भइसकेका सम्बन्धका कथा, नारीको स्वार्थपूर्ण व्यवहार ले बिचल्ली पारेका पुरुषका कथा, आफ्नो वशमा नभएको जन्म कै आधारमा वर्षौं देखि समाजले दलित भनेर लगाइएका बन्देज र गरेका हेपाईहरुले आफ्नो पहिचान समेत लुकाउन बाध्य हुनु पर्ने गरी दिएका कहालीलाग्दा मानसिक पीडाले खुलेर बाँच्न नपाएका तल्लो वर्गका,माथिल्लो बर्ग ले महसुस गर्न नसकेका अव्यक्त कथा , द्वन्द पीडितहरुले अनाहकमा भोग्नु परेका असहिय वेदनाका कथा जून हर घर, टोल र समाजमा देखिरहेका, सुनिरहेका र भोगिरहेका घटना लाई कथा, पात्र, र समयको संयोजन द्वारा,आफ्नो कला, क्षमता, मेहेनत, सोच सबै को प्रयोग गरी सरल भाषा शैली र उचित शृङ्गारिक रसका भावहरू सम्मिश्रण गर्दै पाठकहरूलाई छिनमै प्रेमील सागरमा हराउन र छिनमै नजर बर्साउन पुगिने गरी लेखिएको यो पुस्तक पढे पछि यसलाई समयको परिबर्तन सँगै बदलिएको नयाँ समाजको ऐना हो भन्दा फरक पर्दैन ।

माया भन्ने अदृष्य तत्व बाट लोभिएर हरपल जो कसैबाट मायालु साथ चाहने मानवीय मनले उमेरमा मन् मिलेकाहरू सँग आकर्षित भएर गर्ने प्रेम, त्यही प्रेम लाई सार्थक बनाउँदै वैवाहिक जीवनमा बाँधिएको केही वर्ष पछि वा फेरि उमेर ढल्केपछि पनि नयाँ पनको चाहनामा गरीने प्रेम,आफन्तहरु टाढीएका बेला,नजिकिन पुगेकाहरू सँग हुने जाने प्रेम, त्रिकोणात्मक प्रेम, अप्ठ्यारोमा पर्दा कसैले दिएको प्रेमील साथ, स्पर्श र शब्द हरूले मानव शरीरको सबैभन्दा सुन्दर मानिएको मन् लाई मिल्ने सकारात्मक उर्जाका साथ बस्न सक्ने प्रेम, जाती , धर्म, संस्कृती,भाषा, पारिवारिक चालचलन नमिल्दा पनि समयको आवश्यकता ले हुन जाने प्रेम लगायत मानिसको जीवनमा जुट्न र जुर्न सक्ने हरेक खालको सम्बन्ध दर्साउन कथाकारले प्रेमील भाव हरूको कल्पनाद्वारा कथालाई ,प्रेमको अनुभव भएकाहरुले आफ्नो अतीत सम्झेर टोलाउन र प्रेमको अनुभूति नभएका हरुले पनि कल्पनामा रमाउन सक्ने गरी प्रेमील पात्रहरूको सिर्जनाद्वारा रोमाञ्चक तरिकाले सिर्जित कथा हरूका आधारमा प्रेमील रंगमञ्च हो, सम्बन्धको दोबाटो त्यस्तै पुस्तक पढ्दै गर्दा आफ्नो अगाडी नाटक मञ्चन भइरहे भ्कैं वा सिनेमा हेर ीरहे भ्कैं लाग्ने गरी चित्रण गरीएका घटना, सो अनुसारका पात्र , मनमा उठन सक्ने भाव र भाव अनुसारका प्रश्नहरुले श्रृंगारिएकोअद्वितीय रंगमञ्च पनि हो सम्बन्धको दोबाटो

अनमोल मानिएको मानव जीवन ,त्यसमा संवेदनशील पक्ष रहेको सम्बन्ध जून दुई आत्माको मधुर मिलनबाट जुटने र सबैभन्दा बलवान मानिएको समय चक्र को च्ंगुलमा परी परिस्थितिको आवश्यकताले मन् बहकिए पश्चात फुट्ने क्रममा मनमा उब्जेका प्रेमील, आस्थाहिन, घृणित, अनैतिक, श्रद्धाहीन र विकार युक्त सम्बन्धहरू का साथै दलित र गरीब बर्ग सँग धनी र सम्भ्रान्त बर्ग को सम्बन्ध जोड्न खोज्दा टुटेका अन्य सम्बन्ध,परिवारले जोड्न नचाहेका सम्बन्धका कारण भोग्नु पर्ने तनाव, निम्तन सक्ने खतरा, बिदेसिने चलन र भित्रिएका विदेशी संस्कृती हरूले नवपुस्तामा भित्र्याएका विवाह पुर्व नै,मनले चाहेका हरू सँग सँगै बस्ने चाहना अनुरूप आफूखुसी गर्न खोज्दा सो अनुसारको नियम कानुन नबनीसकेको र सामाजिक मान्यता पनी नपाएको अवस्थामा सुमधुर वा कष्टकर बनेका जीवनहरु, सम्वन्धको कदर गर्नेहरू सँग सम्बन्ध निभाउने मान्छे नहुनुका सकस, अनि सम्बन्ध निभाउने मान्छे भएकाहरू सँग सम्वन्धको कदर गर्न नजान्ने मान्छे भेटिनुका सकस,सुन्दर घर परिवार को महत्व नबुझी अनैतिक सम्बन्ध मा रमाउन खोज्दा भताभुङ्ग बनेको आफ्नै जिन्दगी, सुख र खुसीको आश सहित बिदेशिए सँगै छुट्न पुगेको आफ्नै माया को साथ ले दिएका दर्दनाक अवस्था,पैसा का लागी जोडिएका सम्बन्धहरू पैसा रहुन्जेल मात्र हून्छ भन्ने बुझ्न नसकी क्षणिक मनोरञ्जनको लोभमा लुटाएका सम्पतीका कारण बन्न पुगेको घर परिवारसँग को सम्बन्धको खाडल, अप्ठ्यारो , दुःख र एक्लोपनमा आफन्त हरुले देखाउने व्यवहार, जीवन धान्न कै लागी बाध्य भएर गाँस्नु पर्ने अनिच्छित सम्बन्ध ,कसैले चाहँदैन हुनु पर्ने नारीका कथा,लगायत कुनै वर्ग ले जरूरी ठानेको र कसैको आबस्यकता रहेको पेशामा संलग्न हुन पुगे सङ्गै अचानोमा परेका सम्बन्ध हरूले ध्वस्त भएका नारी जीवनहरु लाई सम्मान पुर्वक समाजमा चिनाउन कथाकारले गरेको मेहेनत हो, सम्बन्धको दोबाटो

संस्कार धान्ने सर्तमा पराई घर जान् बाध्य भए पनि सम्मान र मायाको चाहना राख्ने नारी लाई आफ्नो नामको सिन्दुर र जात भिराइदिएर आफ्नो परिवार स्याहार्ने जिम्मा दिँदै आफु बाहिरी संसारमा रमाउन चाहने पुरुष ,श्रीमती त हो भनेर उसको इच्छा विपरीत कार्य गर्दै पुरुषार्थ गरेको ठान्ने श्रीमान सँग नारीले राख्ने श्रद्धा हिन सम्बन्ध, छोरो टाढा भए सँगै बुहारी लाइ गर्ने दमन, हिँसा, श्रीमानको साथ छुटे पश्चात एकल नारीलाई समाजले हेर्ने दृष्टि, ऊ भित्र थुप्रै क्षमता र कला हुँदा हुँदै पनि शरीरसँग मात्र फाईदा लिन खोज्ने मानिसहरुका नियती बाट नारीको मनमा घर परिवार र समाज प्रति उब्जन सक्ने घृणित सम्बन्धहरुलाइ कथाकारले पुरुष भएर पनि केस्रा केस्रा नारी मन् बुझाउन गरेको सम्मानयोग्य




भनेर जान्दा जान्दै जोडिने रहरले गाँसिएको विकार युक्त सम्बन्ध, लगायत थुप्रै अवर्णित सम्बन्ध हरुको व्याख्या हो,सम्बन्धको दोबाटो

विदेश जाने र पठाउने रहरमा छुटेका आत्मीयताहरू, सन्तानहरूले छोडेर गए सँगै अलपत्रमा परेका बुढेसकाल हरू, सुन्यता र एक्लो पनमा मायाको लोभमा परि आफू नजिक भएका मानिसहरूसँग संस्कार र भाषा फरक हुँदा पनि नजिकिन पुग्दा मिलेको प्रेमिल अनुभव र छुट्न जाँदा मनमा पर्ने चोटहरू, पैसा वा व्यवहार धान्नका लागि बाध्यात्मक परिस्थितिमा गाँसेका अनैतिक सम्बन्धले दिएका पिडाहरु,उमेरमा आफैंले रोजेर बनाएको आफ्नो जोडी सँगको सम्बन्ध मा पनि लामो समयको साथ पछि बिभिन्न कारणहरूले दरार वा खाडल बढ्दै गए सँगै मिल्न नसकिने र छोड्न पनि नचाहिँने सम्बन्धले दिएका घाउ हरू, र ती सबै अबस्थामा मनले दिने भाव लाई मन् छुने प्रकारको विम्ब र प्रतीक हरूले सजाएर कथाकारले गरेका अनुत्तरित प्रश्नहरुहुन सम्बन्धको दोबाटो

समयको परिवर्तन सँगै समाजमा देखिन थालेको विवाहेतर सम्बन्ध, त्यस्ता सम्बन्ध हरू बाट बिखरिएका घर परिवार, सन्ततिकाअन्धकार भविष्य, सम्पतिको दुरुपयोग,खुशी हुने बहानामा गरिएको गल्तीले आफन्त र परिवारमा पर्न जाने असुविधा ,परिवार पाल्ने जिम्मा आइलागेका नारी पात्र ले रोजगारी खोज्ने क्रममा समाजले दिन चाहने पेशा, यी र यस्ता पेशा मा रहेका हरू सँग देशको भविष्य निर्माणको जिम्मा पाएका नाम चलेका र आदर्शको खोल ओढेका हरूको हुने गरेको गोप्य उठबस् त्यसबाट लिन सकिने फाईदा ,घर परिवार समाज् र राज्य बाट नै संरक्षित हुन नसकि हिंसा मा पर्दा पनि आफैंलाई दोष लगाउने समाजको नजर फेर्न नसक्दा आफ्नो अमूल्य जीवन आत्म हत्या को बाटो रोजेर समाप्त पार्न बाध्य मेहेनत हो ,सम्बन्धको दोबाटो

रोजगारी खोज्ने क्रममा राज्यको रक्षा गर्ने जिम्मेवारी लिए भन्दैमा राज्य बनाउने र बचाउने नाउँमा उनीहरुकै जीवनको रक्षा हुन् नसकी अनाहकमा गुमाउनु परेको अनमोल जीवनका कथा जून सुन्ने र पढ्ने हरूका लागी केही दिनको दिक्दारी भए पनि प्रीय पात्र, गुमाउने हरुको खोसिएको सिन्दुर, गुमेको मानसिक सन्तुलन अभिभाबक गुमाउने हरूको हराएको सुखद बालापन, बृद्ध बृद्धा हरूको छुटेको साहारा ले जीवनभर दिने पीडाका कथा हरुले राज्य सँग बन्न सक्ने घृणीत सम्बन्ध हरू कथाकारले अदृश्य तरिकाले सम्झाउन खोजिएको नयाँ इतिहास हो, सम्वन्धको दोबाटो

यसका साथै कथाकारले आफुले बुझेका, खोजेका, जानेका, देखेका,सोधेका गहन अध्ययन गरेका भरमा समाजिक सञ्जालले ल्याएको विकृति, हराएका नैतिकता, देखासिखिले निम्त्याउने मानसिक तनाव, विभेद, गरिबी, नयाँ पुस्ता को संवेदनाहीन सोच,उजाडिँदै गएको घर परिवार लगायत समाजका थुप्रै पक्ष समेटिने गरी २१, कथाहरूमा सयौं घटना र पात्रहरूको कल्पना , रहर , बाध्यता, संघर्ष हरू सँग मनका अवयब हरू मिलाउँदै नव समाजको चिनारी समाजलाई नै गराउने उदेश्यले जागिरे जीवनको अति ब्यस्त समय मा पनि देखेका सत्य घटनाहरुको जानकारी गराएर सचेत रहन र नदेखेका काल्पनिक घटना, हरूको चित्रणबाट हुन सक्ने घटना हरूको वोध गराउन , पुस्तक पढुन्जेल रोकिन नै मन् नलाग्ने गरी रचिएको युग दर्पण समेत रहेको सम्बन्धको दोबाटो कथाकारको उत्कृष्ट अध्ययनको निचोड समेत हुन् सक्ने भएको ले हरेक व्यक्तिले , परिवर्तित समय मा आएको नयाँ पुस्ता को सोच र समाज बुझ्नको लागि पढ्नै पर्ने कृति हो ।

# गायक शशि गुरूङ्गको स्वरमा 'तिमीले हेर्न चाहे' सार्वजनिक




**काठमाडौं–** गायक शशि गुरुङ्गको स्वरमा रहेको नयाँ आधुनिक गीत ' तिमीले हेर्न चाहे' सार्वजनिक भएको छ ।

प्रकाश सायमीको शब्द तथाा प्रविण बराइलीको संगीत र संजिव बराइलीको संगीत संयोजन सार्वजनिक गीतमा रहेको छ। प्रेमील मनका प्रेम भावहरुलाई गीतमा समेटिएको छ । युदन योञ्जनको छायाँकन , विजय राज भुर्तेलको सम्पादन तथा निर्देशन भिडियोमा रहेको छ ।

'तिमीले हेर्न चाहे' गीतको भिडियोमा कुशल केसी र मुना भुर्तेलको अभिनय देख्न सकिन्छ ।

# सुन्दर खवास र बिपना आङ्बुहाङको ' जालहारी' सार्वजनिक



**काठमाडौं–** गीतकार कल्पना आङ् बुहाङको 'जालहारी' बोलको गीत सार्वजनिक गरिएको छ । राजधानी काठमाडौंमा एक कार्यक्रम गर्दै आङ्बुहाङको 'बाह्रमासे फूल' गीति एल्बममा रहेको 'जालहरी' को म्युजिक भिडियो सार्वजनिक गरिएको हो ।

मनोज साङ्सोन राईको संगीत तथा राजु कार्कीको संगीत संयोजन रहेको गीतमा प्रवीण बेडवाल र रचना रिमालको स्वर रहेको छ । साथमा मन्माबी राई, लिला राई, तुरेम्पा हाङ, सुरेश राईको पनि आवाज रहेको छ । 'जालहारी'को भिडियोलाई हाङ चेम्जोङले निर्देशन गरेका हुन् भने छायांकन तथा सम्पादन इशाक जबेगुले गरेका हुन् । यस भिडियोमा सुन्दर खवास र बिपना आङ्बुहाङ फिचर्ड छन् ।

# "दोलाखा कालिन्चोक जाउला" बोलको गीत सार्वजनिक




**काठमाडौं–** नेपाली सागीतिक क्षेत्रमा पछिल्लो समय रामकृष्ण थापा निकै चर्चामा आएका छन् । लय सब्द बनाउन होस या गाउन माहिर मानिने रामकृष्ण थापाको पछिलो समयम जुन गीत बजारमा आउछ। तेही गीत लोकप्रिय बन्दै गएको छ ।

केही बर्ष यता मात्र थापाका थुप्रै गीतहरु करोड क्लबमा रहेका छन् । लामो समयदेखि यारेन्ज/शब्द/संगीत गर्दै आएका थापा गीतसंगीत क्षेत्रका एक उदारणीय ब्यक्ति हुन् । उनले सृजना गरेका हरेक गीतले समाजमा सकारात्मक शन्देस दिदै आएको छ ।

सोही क्रममा थापाले आफ्नो जन्म भुमी दोलाखा जिल्लाई समेटेर "कालिन्चोक जाउला" बोलको गीत रामकृष्ण थापा अफिसियल युटुव च्यानलबाट सार्वजनिक गरेका छन् । सोही गीत दर्शकमाझ अहिले निकै लोकप्रिय बन्दै गएको छ ।

प्रेम संगमको शब्द, रामकृष्ण थापा स्वयमको एरेन्ज /संगीत रहेको गीतमा सोभा पाण्डेको आवाज रहेको छ । ओम प्रसाइँको छायाँकन रहेको गीतमा दोलाखाको रमणीय धार्मिक स्थल (कालिन्चोक) नेपालको (स्विजरल्याण्ड) भनेर चिनिने जिरी बजार लगायत दोलाखाको बिभिन्न ठाउँमा छायाँकन गरी भिडियो आकर्षक रुपमा बनाएको देखिन्छ ।

उक्त गीत रामकृष्ण थापा युटुब च्यानलबाट सार्वजनिक भएको छ ।

# ज्योति विकास बैंकको १६औं वार्षिक साधारण सभा सम्पन्न




**काठमाडौं–** ज्योति विकास बैंकको १६औं वार्षिक साधारण सभा मिति २०८० पुष २९ गते आइतबार नक्साल, काठमाडौंमा बैंकका सञ्चालक समितिका अध्यक्ष हरि चन्द्र खड्काको अध्यक्षतामा सम्पन्न भएको छ ।

वार्षिक साधारण सभामा भौतिकका साथै अनलाइन (भर्चुअल) प्रविधिमार्फत सहभागी हुने व्यवस्था गरे बमोजिम शेयरधनी महानुभावहरुले आफ्नो अनुकुल अनुसारको माध्यमबाट उपस्थिति जनाएका थिए ।

उक्त साधारण सभाले बैंकको आर्थिक वर्ष २०७९र८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्नुका साथै लेखा परीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरू उपर छलफल गरी स्वीकृत गर्नुका साथै बैंकको प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने प्रस्ताव समेत पारित गरेको छ ।

साथै, साधारणसभाले ज्योति विकास बैंक लि.को सर्वसाधारण शेयरधनी समुह तर्फबाट प्रतिनिधित्व गर्ने महिला सञ्चालक पदमा मन महर्जनलाई आगामी ४ वर्षको लागि निर्विरोध निर्वाचित गरेको छ । सभाले बैंकको आ.व.२०८०र८१ को लेखापरिक्षण गर्न लेखा परीक्षक नियुक्ति गर्नुको साथै बैंकको सहायक कम्पनी ज्योति क्यापिटल लि.को .व२०७९र८० को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण उपर छलफल गरी पारित गरेको छ ।

साधारण सभामा बैंकका अध्यक्ष हरि चन्द्र खड्काले वार्षिक प्रतिवेदन संक्षिप्तमा प्रस्तुत गर्नुभएको थियो । यसैगरी सभामा बैंकका प्रमुख कार्यकारी अधिकृत कपिल ढकालले समिक्षा अवधिमा बैंकले हासिल गरेका मुख्य उपलब्धीहरुको बारेमा जानकारी गराउनुभएको थियो । साथै बैंकको आर्थिक वर्ष २०७९र८० को वार्षिक प्रतिवेदनमा विभिन्न सेयरधनीले आ-आफ्नो जिज्ञासा र सुझाव दिनुभएको थियो । सेयरधनीहरुबाट आएका उक्त जिज्ञासाको जवाफ अध्यक्ष खड्का र प्रमुख कार्यकारी अधिकृत ढकालले दिएका थिए ।

आफ्नो खुद मुनाफाबाट नेपालमा हाल सञ्चालनमा रहेका अन्य बैंक तथा वित्तीय संस्थाहरुले सामाजिक उत्तरदायित्व अन्तर्गत समाजिक कार्यमा गर्ने योगदान भन्दा ५० प्रतिशत बढी रकम छुट्याई समाजप्रति उत्तरदायी बनेको यस विकास बैंकले नागरिकको सर्वोत्तम हित सदा उच्च प्राथमिकतामा राखेको छ ।

समीक्षा अवधिमा यस बैंकले नेपाल सरकारलाई राजश्वमा जम्मा रु ६२ करोड ७५ लाखको उल्लेखनीय योगदान पुर्याएको छ । संस्थागत शुशासनलाई शिरोपर गरी ग्राहकवर्ग, कर्मचारी, नियामक निकाय, शेयरधनी र समग्र सरोकारवालाको हक हितमा योगदान पुर्याउन ज्योति विकास बैंक सदैव प्रतिवद्ध रहेको छ ।

# टाटा मोटर्स फन कार्निभल ३.० आयोजना




**काठमाडौं–** एकै साथ पाँच स्थानमा आयोजना हुने यस फनका र्निभलमा इभी गाडी खरिद गरी बिभिन्न किसिमका अफरहरु प्राप्त गर्न सकिनेछ ।

नेपालका लागि टाटा मोटर्सको एक मात्र अधिकारिक वितरक, सिप्रदी ट्रेडीङ्ग प्रा. लि. ले टाटा मोटर्स फनकार्निभल ३.० कार्यक्रमको आयोजना गर्न लागेको छ । यस कार्यक्रममा जुनसुकै ब्राण्डका पुराना गाडीहरुसंग नेपालमा सर्वाधिक रुचाइएका टाटाका अत्याधुनिक प्रविधियुक्त नेक्सन इभी र टियागो इभील गायतका गाडीहरु साट्न सकिनेछ ।

ग्राहक वर्गको परिवर्तित जीवन सैली र अत्याधुनिक सवारीहरु प्रतिको रुची तथा चाहनाहरुलाई मध्यनजर गर्दै यस मेलाको आयोजना गरिएको हो । मेला यहि पौष २७ गतेदेखी पौष २९ गतेसम्म उपत्यका बाहिर टाटा मोटर्सको शोरुम अलास्का मोर्टस बिर्तामोड,सिर्द्धाथ कटेज बुटवल,सिप्रदी ट्रेडीङ्ग बुद्ध चोक पोखरा र टाउनहल प्लानिङ विरगंज आयोजना गर्न लागिएको हो ।

फनकार्निभल ३.० मा टाटाका गाडी किन्ने ग्राहकहरुले आकर्षक एक्सचेन्ज बोनस, निःशुल्क रुपमा इभी गाडीहरुका लागि फास्ट चार्जर, १ वर्षको अटोप्लस इन्स्योरेन्स, १ वर्षको सवारी कर, एक्सेसरिज,सरप्राइज गिफ्ट र बम्पर उपहारमा इलेक्ट्रिकल स्कुटर प्राप्त गर्नेछन । यस कार्निभलका मुख्य उदेश्य भनेको ग्राहक वर्गलाई खेल तथा मनोरञ्जन मार्फत नौलो अनुभुति गर्दै गाडी किन्ने फरक एक्सपेरियन्स प्रदान गर्नु हो ।


यस कार्यक्रमको अबसरमा ग्राहक महानुभावहरुले टाटा मोटर्सको नयाँ तथा अत्याधुनिक डिजाइनका उत्पादनहरु अवलोकन तथा टेष्ट ड्राइभ गर्न सक्नुहुनेछ साथै यस कार्यक्रममा सहभागी भई नयाँ गाडी खरिद गरेर भरपुर फाईदा उठाउनुहुन कंम्पनिले अनुरोध गरेको छ ।

# उपकार लघुवित्तको पाँचौं वार्षिक साधारण सभा सम्पन्न




**काठमाडौं–** उपकार लघुवित्त वित्तीय संस्था लि.को पाँचौ वार्षिक साधारण सभा को हलपुर स्थित होटल ट्रीटप ह्याभेनमा उपकार लघुवित्त वित्तीय संस्था लि.की अध्यक्ष शान्तिदेवी ढकालको अध्यक्षतामा एक भव्य कार्यक्रमका बीच सम्पन्न भएको छ ।

सभाबाट सञ्चालक समितिको प्रतिवेदन, आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन, आगामी वर्ष २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्तिका प्रस्तावहरु सर्वसम्मतिले पारित भएको छ। साथै सभाले संचालक समितिमा सर्वसाधारण शेयरधनीको तर्फबाट सि.ए.भगवती रेग्मी र सि.ए.निशा वाग्लेलाई निर्विरोध निर्वाचित समेत गरेको छ ।




**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले:
- बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रतिकुल प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधानसमपादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यलय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस